जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ •अंक ३३२ • २०८३ साल बैशाख १८ गते शुक्रबार (1 May, Friday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जिप दुर्घटनामा २० जनाको मृत्यू

**टुडे समाचारदाता**

जनकपुरधाम । रोल्पामा बिहीबार भएको जिप दुर्घटनामा २० जनाको मृत्यू भएको छ।

रोल्पाको धार्मिक तथा पर्यटकीय क्षेत्र जलजलामा वैशाख पूर्णिमाको अवसरमा पूजा गर्न जाँदै गरेका तीर्थयात्री सवार जिप दुर्घटना हुँदा हालसम्म २० जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाए अनुसार रुकुमपूर्वबाट जलजलातर्फ जाँदै गरेको जिप थवाङ गाउँपालिका-१ सल्याप क्षेत्रमा सडकबाट करिब ८ सय मिटर तल खसेको छ। अत्यन्तै भिरालो क्षेत्रमा जिप खसेकाले अधिकांश यात्रुको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। घाइते हुनेमा पूर्वी रुकुमको सिस्ने गाउँपालिका-५ का ३२ वर्षीय समिर रहेका छन्। उनको आधारभूत जलजला अस्पताल, थवाङमा उपचार भइरहेको प्रहरीले जनाएको छ । मृतकहरूको पहिचान भने अझै खुल्न सकेको छैन ।



सो क्रममा अप्ठ्यारो भौगोलिक अवस्था र लगातार परेको वर्षाका कारण उद्धार कार्यमा कठिनाइ भइ रहेको सुरक्षा अधिकारीहरुले जनाएका छन् ।

जिल्ला प्रशासन कार्यालय रोल्पाका प्रमुख जिल्ला अधिकारी गंगा बहादुर क्षेत्रीका अनुसार सदरमुकामबाट करिब ८५ किलोमिटर कच्ची तथा दुर्गम सडक पार गर्नुपर्ने भएकाले उद्धार टोली घटनास्थल पुग्न ढिलाइ भएको छ। उनले लगातार परेको पानीका कारण सडक हिलो र चिप्लो बनेकोले एम्बुलेन्स तथा अन्य सवारी साधन सञ्चालनमा समस्या आएको बताए।

घटनाको जानकारी पाउनेबित्तिकै जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी तथा अन्य सुरक्षा निकायको टोली घटनास्थलतर्फ खटिएको थियो । थप सहयोगका लागि सशस्त्र प्रहरी र नेपाली सेनाको टोली पनि परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी क्षेत्रीले बताए।

स्थानीयका अनुसार जलजला क्षेत्र मगर समुदायसहित हिन्दू धर्मावलम्बीका लागि आस्थाको महत्वपूर्ण केन्द्र मानिन्छ । प्रत्येक वर्ष वैशाख पूर्णिमाको अवसरमा बराह मन्दिरमा पूजाअर्चनाका लागि ठूलो संख्यामा तीर्थयात्री आउने गर्छन् । सोही क्रममा उनीहरुसमेत तीर्थाटनका लागि जाँदै गर्दा जिप दुर्घटनाको भएको थियो ।

### पहिले थुन्ने र सुन्ने' नीति

## त्रासमा रहेका व्यवसायी भन्छन्- 'लगानीको वातावरण बिग्रियो'

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का वरिष्ठ नेता बालेन्द्र साह नेतृत्वको सरकारले व्यवसायीहरूलाई हेर्ने दृष्टिकोण र कार्यशैलीप्रति निजी क्षेत्रका विभिन्न संघसंस्थाका प्रतिनिधिले असन्तुष्टि जनाएका छन् ।

मुलुकको आर्थिक समृद्धिका लागि निजी क्षेत्रको भूमिका महत्वपूर्ण भए पनि सरकारले व्यवसायका समस्यालाई बेवास्ता गर्दै 'पहिले थुन्ने अनि सुन्ने' सरकारले नीति लिएको आरोप व्यवसायीहरुले लगाएका छन् ।

केही समयअघि नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष शेखर गोल्छा, व्यवसायी दीपक भट्ट, सुलभ अग्रवाल लगायतलाई अनुसन्धानका नाममा हिरासतमा लिएको विषयमा निजी क्षेत्रका अगुवा व्यवसायीहरुले सरकारको आलोचना गरेका छन्। उनीहरूले पर्याप्त आधार र प्रमाण बिना नै व्यवसायीलाई थुनेर सरकारले लगानीको वातावरण बिगारेको आरोप लगाएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले राज्य र निजी क्षेत्रबीचको सम्बन्ध 'पक्ष र प्रतिपक्ष' को जस्तो हुन नहुने बताउँदै उनले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्ने र पुराना कानुनको सुधार अनिवार्य रहेको बताए।

उनले कालोबजारी ऐन जस्ता पुराना र अव्यवहारिक कानुनले व्यवसायीलाई अप्ठ्यारोमा पारेको चर्चा गर्दै त्यस्ता प्रावधान सुधार गर्न महासंघले निरन्तर पहल गरिरहेको बताए।





कुल गार्हस्थ्य उत्पादनमा ८१ प्रतिशत र रोजगारीमा ८६ प्रतिशत योगदान दिने निजी क्षेत्रलाई राज्यले वास्तविक 'आर्थिक इन्जिन' का रूपमा स्वीकार गर्नुपर्ने उनको भनाइ छ।

व्यवसायीमाथि हुने धरपकड र नियन्त्रणमुखी व्यवहारले समृद्धिको लक्ष्य हासिल हुन नसक्ने भन्दै उनले निजी क्षेत्रका साझा एजेन्डामा सबैको ऐक्यवद्धता आवश्यक रहेको उनले प्रस्ट्याए।

नेपाल चेम्बर अफ कमर्सका पूर्वअध्यक्ष राजेन्द्र मल्लले सरकारले व्यवसायीलाई हेर्ने दृष्टिकोण र कार्यशैलीप्रति कडा असन्तुष्टि जनाए । उनले आर्थिक समृद्धिका लागि निजी क्षेत्र महत्वपूर्ण भए पनि सरकारले व्यवसायीका समस्या सुन्नुको सट्टा नियन्त्रणमा लिने प्रवृत्ति देखाएको आरोप लगाए।

उनले सरकारले 'पहिले थुन्ने अनि सुन्ने' रणनीति अख्तियार गर्दा मुलुकमा लगानी र व्यवसाय गर्ने वातावरण नराम्ररी प्रभावित भएको बताए । सरकारको आश्वासन र व्यवहारमा ठूलो भिन्नता रहेको बताउँदै उनले नीतिगत स्पष्टता नहुँदा र झन्झटिलो व्यवस्थाका कारण व्यवसायीहरु अहिले ठूलो समस्यामा परेको दाबी गरे । राज्यले नियन्त्रणमुखी सोच नत्यागेसम्म मुलुकको समृद्धि सम्भव नहुने उनले बताए।

त्यस्तै नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष एवं वरिष्ठ उपाध्यक्षका प्रस्तावित उम्मेदवार हेमराज ढकालले अनुसन्धानका नाममा व्यवसायीलाई बिना प्रमाण थुनामा राख्ने प्रक्रियाप्रति आपत्ति व्यक्त गरे। राज्यले राजश्व र रोजगारीमा योगदान दिने वर्गलाई त्रसित पार्ने काम गरिरहेको बताउँदै उनले ' अग्रीम जमानत' जस्ता उदार कानुनको आवश्यकता रहेको उनले बताए।

नेपाल उद्योग वाणिज्य महासंघकी एसोसिएट उपाध्यक्ष ज्योत्स्ना श्रेष्ठले पछिल्लो समय केही व्यवसायीलाई आरोपकै आधारमा पक्राउ गरी निजी क्षेत्रलाई हतोत्साहित पार्न लागिपरेको बताइन्।

निजी क्षेत्रका समस्या र यस्ता कार्यविरुद्ध अब सशक्त रूपमा आवाज उठाउनुपर्ने बेला आएको भन्दै उनले देशभरका व्यवसायीलाई एकजुट हुन आह्वानसमेत गरेकी छन् ।

उद्योगीहरूलाई जुनसुकै बेला पक्राउ गर्न सक्ने त्रासपूर्ण वातावरण बनेको उल्लेख गर्दै उनले राज्यको यस्तो कदमको निजी क्षेत्रले सशक्त प्रतिरोध गर्नुपर्ने बताइन्।

त्यस्तै नेपाल उद्योग वाणिज्य महासंघका पूर्वकोषाध्यक्ष ज्ञानेन्द्रलाल प्रधानले निजी क्षेत्रमाथि भइरहेको धरपकड र राज्यको व्यवहारप्रति कडा आपत्ति जनाएका छन्। उद्योगी-व्यवसायीले देशको अर्थतन्त्रमा पुऱ्याएको योगदानलाई नजरअन्दाज गर्दै राज्य संयन्त्रले बिना आधार जेल हाल्ने काम गरेको भन्दै उनले असन्तुष्टि पोखे ।

बिना कसुर व्यवसायीमाथि भइरहेको धरपकडले लगानीको वातावरण बिगार्ने र निजी क्षेत्रको मनोबल गिराउने भएकाले सबै व्यवसायी एकजुट भएर राज्यको स्वेच्छाचारी कदम विरुद्ध उभिनुपर्नेमा व्यवसायीहरु एकमत छन् ।

## बगरमै मोहर: खरबुज खेतीबाट मनग्य आम्दानी

**किरण कर्ण**

जनकपुरधाम । निजी जग्गा नभएका धनुषा-सिरहाको सीमावर्ती क्षेत्रतर्फ बसोबास गर्दै आाएका विपन्न किसान कमला नदीको बगरमा लामो समयदेखि खरबुजाको खेती गर्दै आएका छन्। उत्पादन गरेको खरबुजालगायतका फलफूल तथा तरकारी बिक्री गर्न बजारको समस्या नहुँदा नगद व्यापार गरेर तीन महिनामै लगानीको दोब्बर आयआर्जन गर्दै आएका छन् ।



धनुषा र सिरहा जिल्लाको सीमा क्षेत्रमा पर्ने कमला नदीको छेउछाउमा रहेको गाउँवस्तीका जग्गाजमिन नभएका स्थानीय किसानहरु विगत दुई दशकदेखि खरबुजा खेती गर्दै आएका छन् । अहिले खरबुजा खेतीतर्फ आकर्षण ह्वात्तै बढेको छ । धनुषाको कमला नगरपालिका, जनकनन्दनी गाउँपालिका, सबैला नगरपालिका, गणेशमान चारनाथ नगरपालिका र सिरहाको कर्जन्हा नगरपालिका, कल्याणपुर नगरपालिका र सिरहा नगरपालिका अन्तर्गत कमला नदी किनाराका विपन्न किसानहरु खरबुजा खेतीतर्फ आकर्षित भएर केही वर्ष यतादेखि मनग्य आयआर्जन गर्दै घरपरिवारको लालनपालनसहित गुजारा गर्दै आएका छन् ।

६ वर्षदेखि खरबुजा खेती गर्दै आएका स्थानीय किसान किसुन यादवले शुरुमा करिब ६ हजार रुपैयाँको लागनीमा शरु गरे । लगानी लगाएको तीन महिनापछि कम्तीमा १५ हजार रुपैयाँ लगानीसहित आम्दानी हुने गरेको स्थानीय किसान किसुन यादव बताउँछन् ।

उनले एक कठ्ठामा करिब ५ हजा रुपैयाँको लगानी लगाएको र सोबाट १५ हजार रुपैयाँ कमाएको अनुभव सुनाए । उनले भने, 'विहानैदेखि रातिसम्म जाग्राम नै बस्नु पर्ने बाध्यता छ। यही खरबुजाको व्यापार गरेर घरमा छोराछोरीलाई मासुभातसम्म खुवाउन सकेको छु । लगानी अनुसार मनग्य आम्दानी भए पनि यहाँ सुरक्षाको निकै समस्या छ।'

विगतमा जग्गा जमिन नभएका केही स्थानीय किसानहरुले कमला नदीको बगरमा खरबुजासहित तरकारीवाली लगाएर व्यवसाय शुरु गरेका थिए । त्यतिबेला बाटो पनि निकै असहज, दुबै तर्फको बाटोको समस्या र जीउज्यानको पनि त्यतिकै असुरक्षा रहे पनि गाउँघरमा जग्गाजमिन नहुँदा आयआर्जन गर्नैपर्ने बाध्यताका कारण केही सीमित स्थानीय किसानले कमला नदीमा रहेको बगरमै खरबुजा उत्पादन गरी व्यवसाय शुरु गरेका थिए। तर अहिले समय फेरिएको छ। अहिले धनुषा-सिरहाको सीमावर्तीमा पर्ने कमला नदीको दुबै तर्फका स्थानीय किसानहरु खोलामै उच्च स्थान खोजेर रोजेर खरबुजालगायतको वाली लगाएर व्यवसायी गरी आयआर्जन गरिरहेका छन् । अहिले कमला नदीमा निर्माणाधिन पुल रहे पनि वैकल्पिक मार्गबाट दुबैतर्फका स्थानीयलगायतका यात्रुहरु आवतजावत तथा सवारीसाधनसमेत आवागमन हुने गरेको छ । यसले गर्दा दुबै क्षेत्रतर्फका सर्वसाधारणहरुसमेत आवतजावतमा सहज भएपछि यहाँ खरबुजादेखि तरकारीसमेत उत्पादन हुने गरेको छ। कमला नदीको बाटो हुँदै आवतजावत गर्ने यात्रुहरु खरबुजादेखि तरकारीसम्म किनमेल गरी लाने गरेका छन् । यसले स्थानीय किसानहरु खुसीले हौँसिएका छन् । विगत वर्षमा बाटाघाटोको अभावमा उत्पादन गरिएको खरबुजाले बजार नपाउँदा न्यून मूल्यमा बेच्न यहाँका किसान बाध्य थिए । तर अहिले भने प्रति किलोको ५० रुपैयाँसम्म खरबुज बिक्री हुँदा मन दंग परेको स्थानीय किसान किसुन यादवले सुनाए।

हातमुख जोड्नसम्म धौँधौँ परिरहेका स्थानीय किसानहरु अहिले आयआर्जनसहित छोराछोरीलाई शिक्षादिक्षा र लालनपालनमा समस्या नरहेको उनीहरु बताउँछन्।

कमला नदीको अवस्थित पिपल गाछी मुनि दिनको करिब दश क्वीन्टलसम्म खरबुजाको व्यवसाय हुने गरेको छ।

खरबुजा उत्पादन र व्यवसायबाट नै यहाँका दुई दर्जनभन्दा बढीको घरपरिवारले गुजारा समेत टार्दै आएका छन् भने मिहिनेत मजदुरी अनुसारको प्रतिफल प्राप्त हुने गरेको स्थानीय महिला किसानले आफ्नो अनुभव सुनाइन्।

करिब एक बिघामा यस वर्ष उत्पादन गरेको खरबुजा बिक्री गरेर दुई लाखभन्दा बढी कमाइ हुने अनुमान छ। लगानी लगाएको रकमको दोब्बरभन्दा बढी आम्दानी गर्ने गरेका छन् । उनीहरु खोलाको बगरमै झुपडी बनाएर खरबुजा उत्पादनदेखि बिक्री नहुञ्जेलसम्म त्यहीँ बसोबास गर्ने गरेका छन् ।

आफू विगत दश वर्षदेखि खरबुजाको खेती गर्दै आएकी स्थानीय लक्ष्मीनियाँ मुखिया दिनको करिब ६ हजार रुपैयाँसम्म कमाउने गर्छिन्।

खरबुजासंगै फुँइट, काक्रो, लौका, फर्सीलगायतका तरकारी खेतीसमेत गरेर वर्षैनि उत्पादन र आम्दानी बढाउन किसान आकर्षित छन्।

अहिले दुबै जिल्लाका स्थानीय किसान बगरमा उत्पादन गरेको खरबुजा धनुषाको जनकपुरधाम, महेन्द्रनगर, ढल्केवर, सिरहाको लहान र सीमावर्ती भारतीय बजारमासमते माग निकै रहेको छ। एउटा खरबुजा करिब ७ किलोसम्म हुने गरेको छ। समयमा मल उपलब्ध हुने र सुख्खा मौसममा बाढी नआउने हो भने तीन/चार महिनामा राम्रो आयआर्जन हुने गर्छ। खरबुजा तथा तरकारी खेतीका लागि स्थानीय सरकारले कृषिसम्बन्धी तालिम, उत्पादनका लागि पूँजीको सुविधा र बजारसम्मको व्यवस्थापन गरिदिने हो भने निम्न वर्गीय किसानका लागि बगरको खरबुजा खेती मोहरका लागि भरपर्दो स्रोत हुने भनाइ कृषकहरुको रहेको छ।



# उद्यमी-व्यवसायीद्वारा जाँच'पास'मा असहयोग



वीरगञ्ज । उद्यमी-व्यवसायी जाँचपास प्रक्रियामा सहभागी नहुँदा वीरगञ्ज भन्सारलगायत मुलुकका विभिन्न भागमा अवस्थित भन्सार कार्यालयबाट राजस्व सङ्कलन प्रभावित भएको छ।

वीरगञ्ज भन्सार कार्यालयले आयातीत एवं निर्यात गरिने सामग्रीको अधिकतम खुद्रा मूल्य (एमआरपी) कार्यान्वयन गर्न खोज्दा दुई दिनदेखि आयात तथा निर्यातकर्ता भन्सार जाँचपास प्रक्रियामा सहभागी भएका छैनन् ।

आयातकर्ता भन्सार जाँचपास गर्न फाराम भर्नेदेखि घोषणा गर्नेसम्मका प्रक्रियागत कार्यमा सरिक नहुँदा भन्सार जाँचपास रोकिएको हो ।

उद्यमी-व्यवसायीको असहयोगका कारण राजस्व सङ्कलन प्रभावित भएको छ। वीरगञ्ज भन्सार कार्यालयका प्रमुख कृष्णप्रसाद मैनालीका अनुसार आयात-निर्यातकर्ताले जाँचपासको फाराम भर्नेदेखि घोषणा गर्नेसम्मका काममा सरिक नहुँदा जाँचपास रोकिएको हो ।

सरकारको हालैको निर्णयअनुसार भन्सार विन्दुमा आएका सबै किसिमका उत्पादनमा अनिवार्य रुपमा एमआरपी लागू गर्ने निर्णय गरेको थियो ।

पेट्रोलियम पदार्थ, सागसब्जी, फलफूल तथा औद्योगिक कच्चापदार्थको भन्सार जाँचपासमा कुनै समस्या नभएको विभागले जनाएको छ। त्यसबाट रु ३१ करोड राजस्व सङ्कलन भएको छ। वीरगन्ज भन्सार कार्यालयले दैनिक रु ५० देखि ६० करोडसम्म राजस्व सङ्कलन गर्दै आएको छ।

यसैबीच, वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद गौतमले एमआरपी अव्यावहारिक भएकाले आफूहरु भन्सार जाँचपास प्रक्रियामा सहभागी नाएको बताउनुभयो । रासस

# दृष्टि गुमाएकाहरूको दृष्टि फर्काउँदै लहान नगरपालिका

सिरहा । लहान नगरपालिका-१७ का ६० वर्षीय हरि सदा र उहाँकी ५८ वर्षीया श्रीमती सुकुमरिया सदाको संसार विस्तारै धमिलिँदै गएको थियो । झन्डै दुई वर्षदेखि आँखाको ज्योति कमजोर हुँदा दुवै जनाको जीवन अँध्यारोतिर धकेलिएको थियो । मनमा अस्पताल जाने रहर नभएको होइन, तर आर्थिक अभावले पाइला रोकिदिन्थ्यो ।

"आँखा नदेख्दा आफ्नै आँगनमा हिँड्डुल गर्न पनि मुस्किल थियो", सुकुमरियाले भन्नुभयो, "डाक्टरलाई देखाउन र अप्रेसन गर्न पैसा कहाँबाट ल्याउने ? त्यही पीरले बसिरह्यौँ ।"

यस्तै समस्या थियो सोही वडाका ७० वर्षीय हिरा चौधरी र उहाँकी श्रीमती ७० वर्षीया निमानी चौधरीको पनि । बुद्ध यौलीले छोपेको शरीर, त्यसमाथि गुम्दै गरेको दृष्टिले यो दम्पतिलाई अरूकै सहारामा बाँच्नुपर्ने बनाएको थियो ।

यही वैशाख १२ गतेपछि भने उहाँहरूको जीवनमा खुसी फर्किएको छ । लहान नगरपालिकाले सगरमाथा चौधरी आँखा अस्पतालसँगको प्राविधिक सहकार्यमा वडा नं १७ मा निःशुल्क आँखा जाँच शिविर सञ्चालन गरेपछि त्यो खुसी फर्किएको हो । शिविरमा पुगेका दुई सय ५० जनामध्ये हरि सदा र हिला चौधरीको दम्पतीसहित ४७ जनामा मोतियाविन्दु भएको पुष्टि भयो ।

नगरपालिकाले केवल रोग मात्र पहिचान गरेन, बिरामीहरूलाई गाउँदेखि अस्पतालसम्म पुऱ्याउन नगर बसको समेत व्यवस्था गरिदियो । सामान्यतया एउटा आँखाको मोतियाविन्दु शल्यक्रिया गर्न करिब रु नौ हजार खर्च लाग्ने गर्दछ। नगरपालिकाले दुवै आँखाको सबै खर्च व्यहोररे उपचार गरेपछि खुसी फर्किएको हो ।



बुधबार अस्पतालको शय्यामा उपचाररत ती ४७ जना बिरामीलाई भेट्न नगरप्रमुख महेशप्रसाद चौधरी आफैँ पुग्नुभयो । उहाँले बिरामीहरूलाई जुस वितरण गर्दै स्वास्थ्य लाभको कामना गर्दा बिरामीका आँखा कृतज्ञताले भरिएका थिए ।

"मैले सोचेको पनि थिइनँ कि सरकारले यसरी घरमै आएर आँखा जचाइदिन्छ र अस्पताल ल्याएर निःशुल्क अप्रेसन गरिदिन्छ", हिरा चौधरीले हर्षित हुँदै भन्नुभयो, "अब संसार फेरि सफा देख्न पाउने भएँ । विस्तारै सबै दुःख बिर्सिंदै जानेछु ।"

### मोतियाविन्दुमुक्त नगरको सपना

नगरपालिकाले विगत तीन वर्षदेखि अस्पतालसँग सम्झौता गरी यो अभियानलाई निरन्तरता दिँदै आएको छ । नगरप्रमुख महेशप्रसाद चौधरीका अनुसार लहानलाई 'मोतियाविन्दुमुक्त नगर' बनाउने लक्ष्यका साथ यो कार्यक्रम अघि बढाइएको हो।

"हाम्रो नगरमै एसियाकै उत्कृष्ट र आधुनिक प्रविधिसहितको सगरमाथा चौधरी आँखा अस्पताल छ। यति नजिकै सुविधा हुँदाहुँदै पनि हाम्रा नागरिक पैसाको अभावमा अन्धोपनमा बस्नुपर्नु निकै दुःखद कुरा हो," नगरप्रमुख चौधरीले भन्नुभयो, "त्यसैले 'कोही पनि नगरवासीले आर्थिक अभावका कारण ज्योति गुमाउनु नपरोस्' भन्ने उद्देश्यले हामीले शिविरका सबै खर्च नगरपालिकाले व्यहोर्ने निर्णय गरेका हौँ ।"

उहाँका अनुसार चालु आर्थिक वर्षमा मात्रै नगरपालिकाका २४ वडामध्ये १५ वटामा शिविर सम्पन्न भइसकेको छ।

### तथ्याङ्कमा अभियानको प्रभाव

लहान नगरपालिका र सगरमाथा चौधरी आँखा अस्पतालबीचको साझेदारी केवल एउटा औपचारिक कार्यक्रममा मात्र सीमित नभई दृष्टिविहीनता विरुद्धको एक सशक्त महाअभियानका रूपमा अगाडि बढेको नगरप्रमुख चौधरीले बताउनुभयो । नगरपालिकाले चालेको 'मोतियाविन्दुमुक्त नगर' बनाउने अठोटका कारण पछिल्ला वर्षहरूमा हजारौँ विपन्न नागरिकको जीवनमा उज्यालो फर्किएको उहाँको भनाइ छ।

सगरमाथा चौधरी आँखा अस्पतालका शिविर संयोजक राजकुमार राउतका अनुसार पछिल्ला तीन आर्थिक वर्षमा यस सहकार्यले उत्साहजनक सफलता हासिल गरेको छ । यहाँ सञ्चालन गरिएका विभिन्न शिविरमार्फत हालसम्म १७ हजारभन्दा बढी नगरवासीको निःशुल्क आँखा जाँच गरिएको छ। ती शिविरहरूमा मोतियाविन्दु पहिचान भएका करिब दुई हजार ५०० विपन्न बिरामीहरूको निःशुल्क शल्यक्रिया सम्पन्न गरिएको संयोजक राउतले जानकारी दिनुभयो ।

यस्तै, दृष्टिमा समस्या भएका आठ हजारभन्दा बढी व्यक्तिलाई निःशुल्क चस्मा तथा औषधि उपलब्ध गराइएको छ।

लहानमा अवस्थित यस अस्पतालले स्थानीय स्तरमा मात्र नभई अन्तरराष्ट्रिय स्तरमै आफ्नो पहिचान बनाएको छ । अस्पताल प्रशासनका अनुसार यहाँ नेपालका विभिन्न जिल्ला र छिमेकी देश भारतबाट समेत गरी वार्षिक रूपमा करिब २५ लाख आँखाका बिरामीहरूले विशेषज्ञ सेवा प्राप्त गर्दै आएका छन् ।

शिविर संयोजक राउत भन्नुहुन्छ, "हामीसँग दक्ष जनशक्ति र विश्वस्तरीय आधुनिक प्रविधि छ । विभिन्न स्थानीय तहसँगको समन्वयमा सञ्चालन हुने यस्ता शिविरहरूले अस्पतालसम्म आउन नसक्ने दुर्गम र विपन्न बस्तीका नागरिकहरूलाई प्रत्यक्ष फाइदा पुऱ्याइरहेको छ ।"

नगरप्रमुख चौधरीको नेतृत्वमा अघि बढाइएको यो अभियानले आर्थिक रूपमा अति विपन्न र पछाडि पारिएका हरि सदा र हिरा चौधरी जस्ता सयौँ ज्येष्ठ नागरिकलाई नयाँ जीवन दिएको छ । रासस

# उखुको जुस बेच्दै आत्मनिर्भर बन्दै युवा

महोत्तर । मधेश क्षेत्रमा दिनप्रतिदिन बढ्दो गर्मीसँगै उखुको जुस (रस) को व्यापार फस्टाएको छ। महोत्तरीका चोकबजार क्षेत्रमा विशेषगरी विदेशबाट फर्किएका युवाले यो व्यवसाय गरी स्वदेशमै आत्मनिर्भर बन्न थालेका छन् ।

यो व्यवसाय गरेर आत्मनिर्भर बन्नेहरूमध्ये हुनुहुन्छ, मलेसिया र साउदी अरब गरेर चार वर्ष बिताएर स्वदेश फर्किनु भएका सर्लाही ईश्वरपुर-१ का महम्मद अफजल । उहाँ हाल महोत्तरीको बर्दिबास चोकमा उखु पेलेर जुस बेच्ने गर्नुहुन्छ ।

अफजल भन्नुहुन्छ, "चार वर्ष विदेशमा गएर पसिना बगाइयो । अबचाहिँ ढुक्कले यहीँ काम गर्ने निधो गरेको छु । पछिल्ला तीन वर्षदेखि रिक्सा चलाउँदै जुस बेच्दै यसैबाट परिवारमा शिक्षादिक्षा र लालनपालन सहज बनेको छ।"

उहाँको परिवारमा चार छोरी, पत्नी गरी छ जना छन्। परिवारको भविष्यका लागि विदेशीन बाध्य अफजलले त्यहाँ गएर पनि सोचेजस्तो भएन ।

त्यसैले स्वदेशमै फर्किएर काम गर्न थालेको उहाँको भनाइ छ। "विदेश जाँदा लागेको ऋणले थिचिएको थिएँ, अहिले यहीको कमाइले सबै तिरिसकेँ", उहाँ भन्नुहुन्छ, "राम्रो सीप भएका दक्ष व्यक्तिलाई उता राम्रो होला, तर हामीजस्ता श्रम गरेर बाँच्नेलाई आफ्नै देशमा कुनै व्यवसाय गर्नु नै उपयुक्त हुने रहेछ। आफ्नै देशमा रोजाइको काम गर्दा कसैको हेपाइ पनि सहनु पर्दैन ।" धनुषाको मिथिला-१ का जगदीश साह पनि उखुको जुसको व्यापारबाट सन्तुष्ट हुनुहुन्छ। "अब विदेश जाने सोच नै छैन, धेरै दुःख भोगियो", उहाँ भन्नुहुन्छ, "दुई वर्षदेखि यो काम गर्न थालेपछि सानो-ठूलो खर्चका लागि कसैसँग हात थाप्नुपरेको छैन । परिवारसँगै बसेर काम गर्न पाउँदा विदेशको पीडा बिस्तारै बिर्सिंदै गएको छु ।"



मध्य वैशाखसँगै यहाँ गर्मी पनि बढ्दैछ । गर्मीसँगै यहाँ जुसको व्यापार पनि फस्टाउँदै छ । बर्दिबास चोकमै जुस बेचिरहनुभएका गौशाला-५ का मोहम्मद नासिरका अनुसार दिनभरि जुस बेच्दा रु तीन हजारभन्दा बढीको व्यापार हुन्छ, जसबाट करिब रु दुई हजार बचत हुने गरेको छ।

उखुको जुसको व्यापार वर्षभरि चल्ने भए पनि गर्मीयाममा यसको माग अत्यधिक बढ्ने व्यापारीहरू बताउँछन् । "गर्मीमा उखुसँगै तुलसी र पुदिनाको पात मिसाएर जुस बनाउँछौँ, बरफ हालेर चिसो बनाउँदा ग्राहकले निकै मन पराउँछन्", नासिर भन्नुहुन्छ ।

गौशाला-५ का व्यापारी मोहम्मद साबिर बढ्दो तापक्रमसँगै जुसको माग पनि बढ्ने गरेको बताउनुहुन्छ । "जति गर्मी बढ्छ, जुस त्यति नै बढी बिक्छ। बेलाकै व्यापार हो, ग्राहकलाई जुस दिन भ्याइनभ्याइ हुन्छ ।"

महोत्तरीको बर्दिबास क्षेत्रमा मात्रै हाल करिब ३०-३५ जना यस व्यवसायमा संलग्न छन् । जलेश्वर, रामगोपालपुर, पिपरा, मटिहानी, सीतापुर बजार, औरही, गौशाला, सम्सी र लोहारपट्टीलगायत बजार क्षेत्रमा पनि उखुको जुसको व्यापार बढ्दो छ। यस व्यवसायमा संलग्नमध्ये धेरैजसो विदेशबाट फर्किएकाहरू छन् ।

"विदेशमा ज्यान जोखिममा राखेर काम गर्नुभन्दा आफ्नै देशमा पसिना बगाउनु राम्रो हो", अफजल भन्नुहुन्छ, "त्यहाँ धेरैले भनेको काम नपाएर दुःख पाइरहेका देख्दा मन दुख्छ ।"

धेरैजसो युवाहरू आफ्नो नजिकको ठाउँभन्दा छिमेकी बजारमा व्यापार गर्न जाने गरेका छन्। सर्लाहीका विवेक कुशवाहा भन्नुहुन्छ, "आफ्नै ठाउँमा भन्दा अलि पर खुलेर काम गर्न पाइन्छ, त्यसैले बर्दिबास रोजेको हुँ । यो व्यवसायबाट राम्रो आम्दानी भइरहेको छ । अन्य साथीलाई पनि यसमा लाग्न प्रेरित गरिरहेको छु।"

करिब रु दुई लाख रुपैयाँ लगानीमा ठेला र मोटर जडान गरेर यो व्यवसाय सुरु गर्न सकिने व्यापारीहरूको अनुभव छ। उखु उधारोमा किनेर जुस बिक्रीबाट रकम तिर्न सकिने हुँदा पनि यो पेसा सहज बनेको छ। महोत्तरी, सर्लाही र धनुषामा उखुखेती प्रशस्त भएकाले कच्चा पदार्थको अभाव छैन।

स्वास्थ्यकर्मीका अनुसार उखुको रस ऊर्जादायी र स्वास्थ्यका लागि लाभदायक पेय हो। कुनै कृत्रिम पदार्थ मिसाउन नपर्ने भएकाले गर्मीयाममा यसको माग बढ्ने गरेको वरिष्ठ जनस्वास्थ्य निरीक्षक गिरेन्द्रकुमार झाको भनाइ छ।

व्यापार राम्रो भए पनि सडकमा डुल्दै व्यापार गर्दा नगरपालिकाका कर्मचारीबाट अवरोध हुने गुनासो गरेका छन् । "हामी सडक छेकेर बस्दैनौँ, डुल्दै व्यापार गर्छौं, तर पनि रोक्ने र दुःख दिने गरिन्छ", व्यापारीले भन्ने गरेका छन्।

यस विषयमा बर्दिबास नगरपालिकाले भने व्यापार रोक्ने वा दुर्व्यवहार गर्ने जस्ता घटना नभएको स्पष्ट पारेको छ। "महेन्द्र राजमार्ग विस्तारको काम भइरहेकाले अव्यवस्थित पार्किङ रोक्न सूचना जारी गरेका हौँ, त्यसबाहेक नियमानुसार काम गर्ने स्वरोजगारमूलक काम गर्ने व्यवसायीलाई समस्यामा पार्ने कुनै नीति छैन" प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीले बताउनुभयो। रासस

# नहर अतिक्रमण हटाउन चार सय घरटहरा हटाइँदै

चन्द्रपुर । बागमती सिँचाइ आयोजनाअन्तर्गत रौतहट क्षेत्रमा नहर अतिक्रमण गरी बनाइएका करिब चार सय घरटहरा हटाइने भएको छ । आयोजनाले गत चैत २६ गते सातदिने सार्वजनिक सूचना जारी गर्दै नहरको दुवै किनारमा बसोबास गर्दै आएका स्थानीयलाई संरचना हटाउन आग्रह गरिसकेको छ।

रौतहटको चन्द्रपुर नगरपालिका-५ र ६ क्षेत्रमा स्थानीयले विगत करिब २८ वर्षदेखि नहरको जमिन अतिक्रमण गरी बसोबास गर्दै आएका छन् । सूचना जारी गरिए पनि अतिक्रमित संरचना नहटाइएकाले अब बल प्रयोग गरेर हटाउने तयारी गरिएको बागमती सिँचाइ आयोजना कर्मैयाका आयोजना प्रमुख सन्तोष चौधरीले जानकारी दिनुभयो।

केही दिनभित्र चन्द्रपुर नगरपालिकाका प्रमुख सञ्जयकुमार काफ्ले, रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसाल तथा सुरक्षा निकायका प्रतिनिधिसहितको टोलीले स्थलगत अनुगमन गरी अतिक्रमण हटाउने प्रक्रिया अघि बढाइने उहाँले बताउनुभयो । करिब साढे तीन सयदेखि चार सयसम्म घरटहरा हटाइने चौधरीले बताउनुभयो । जलस्रोत तथा सिँचाइ विभागको निर्देशन तथा



नेपाल सरकारको शासकीय सुधारसम्बन्धी एक सय बुँदे कार्यसूचीअनुसार सार्वजनिक जग्गाको संरक्षण, डिजिटल अभिलेख तयारी, निगरानी प्रणाली सुदृढीकरण र अवैध कब्जा हटाउने अभियानअन्तर्गत यो कदम चालिएको उहाँले बताउनुभयो।

आयोजना प्रमुख चौधरीले भन्नुभयो,"सरकारको नीतिअनुसार नयाँ अतिक्रमण रोक्ने र पुराना अवैध संरचना हटाउने अभियान सुरु भएको छ। यहाँ चन्द्रपुर नगरपालिका-१ स्थित बागमतीदेखि गुजरा नगरपालिकाको धन्सार खोलासम्म मूल नहर क्षेत्रको एक सय २५ मिटर क्षेत्र खाली गर्नुपर्ने छ, जसमा पूर्वतर्फ ६५ मिटर र पश्चिमतर्फ ६० मिटर क्षेत्र नहरअन्तर्गत पर्छ।"

प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले पनि नहर क्षेत्रको अतिक्रमण चाँडै हटाइने स्पष्ट पार्नुभएको छ । "स्वतः नहटाए संरचना भत्काइन्छ, छिट्टै आवश्यक छलफल गरेर कार्यान्वयनमा जान्छौँ ।"

रौतहट क्षेत्र नं ४ का प्रतिनिधिसभा सदस्य गणेश पौडेलले नहर व्यवस्थापन र सिँचाइ विस्तारका लागि सरकारले यस्तो निर्णय लिएको बताउनुभयो । बागमती सिँचाइ आयोजना राष्ट्रिय गौरवको आयोजना भएकाले यसको व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने उहाँको भनाइ छ।

सुनकोसी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाबाट थप पानी ल्याई सिँचाइ क्षेत्र विस्तार गर्ने योजना पनि अघि बढाइएको जानकारी दिँदै उहाँले नहर क्षेत्रमा बसोबास गर्ने वास्तविक भूमिहीनको पहिचान गरी व्यवस्थित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

यता नहर क्षेत्रमा बसोबास गर्दै आएका स्थानीय भने वास्तविक सुकुमबासीको पहिचान गरी उचित व्यवस्थापन गर्न माग गर्दै नगरपालिकामा ध्यानाकर्षण गराएका छन्। रासस

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | कार्यक्षेत्रमा केही चुनौतीहरु आउन सक्छन् । |
| वृष : | आजको दिन पराक्रम बढ्नेछ । |
| मिथुन : | घरमा मांगलिक कार्यको योजना बन्न सक्छ । |
| कर्कट : | बोलीको प्रभावले अरुलाई आकर्षित गर्न सकिनेछ । |
| सिंह : | अनावश्यक खर्चको योग छ । |
| कन्या : | सामाजिक कार्यमा संलग्न हुने अवसर मिल्नेछ । |
| तुला : | पद प्रतिष्ठा प्राप्त हुने सम्भावना छ । |
| वृश्चिक : | लामो समयदेखि रोकिएको काम बन्नेछ । तीर्थाटन वा धार्मिक यात्राको योग छ । |
| धनु : | आज सावधानी अपनाउनुपर्ने दिन छ । |
| मकर : | वैवाहिक जीवनमा मधुरता छाउनेछ । साझेदारीमा गरिएको कामबाट लाभ हुनेछ । |
| कुम्भ: | आज तपाईको आत्मविश्वास बढ्नेछ । शत्रुहरु परास्त हुनेछन् । |
| मीन: | सन्तानबाट सुख प्राप्त हुनेछ । नयाँ रचनात्मक कार्यमा मन जानेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ‘पञ्चकन्या जाल्पादेवी’ मन्दिर प्रचारप्रसार नहुँदा ओझेलमा पर्दै



भोजपुर । भोजपुरको हतुवागढी गाउँपालिका-४ कटहरे लुङथुङमा अवस्थित धार्मिक तथा ऐतिहासिक महत्व बोकेको पञ्चकन्या जाल्पादेवी मन्दिर प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ ।

प्राकृतिक सौन्दर्यले भरिपूर्ण डाँडाकाँडाबीच रहेको यो देवस्थल स्थानीयवासीको गहिरो आस्था र विश्वासको केन्द्र भए पनि यसको प्रभावकारी प्रचारप्रसार नहुँदा पहिचान अझै विस्तार हुन सकेको छैन । स्थानीयवासीका अनुसार पञ्चकन्या जाल्पादेवी अत्यन्तै शक्तिशाली देवीका रूपमा पूजिँदै आएकी छन् ।

यहाँ हरेक वर्ष वैशाख पूर्णिमाको पञ्चमी र मङ्सिर पूर्णिमाको पञ्चमीमा विशेष पूजाआजा तथा भव्य मेला लाग्ने गर्दछ । उक्त अवसरमा आसपासका गाउँहरू मात्र नभई टाढाटाढाबाट पनि भक्तजनको उपस्थिति रहने गरेको छ । स्थानीयवासी जनक कार्कीले देवीप्रतिको आस्था निकै गहिरो रहेको बताउनुभयो । “पञ्चकन्या जाल्पादेवी अत्यन्तै शक्तिशाली देवी हुनुहुन्छ”, उहाँले भन्नुभयो, “यहाँ पूजा तथा दर्शनका क्रममा लापरबाही गरिएमा तत्कालै कुनै न कुनै विपत्ति आइपर्ने जनविश्वास छ ।” उहाँका अनुसार विशेष गरी विदेश यात्रा गर्नुअघि, नयाँ कामको थालनी गर्दा वा कुनै महत्वपूर्ण निर्णय लिनुअघि यहाँ वर (आशिष) माग्ने चलन रहिआएको छ ।

देवस्थल आसपास रहेका शिलाहरूमा हल गोरु, हलो, नाग तथा विभिन्न देवीदेवताका आकृतिहरू प्रष्ट रूपमा देख्न सकिन्छ । यी आकृतिहरूले यो स्थानको धार्मिक तथा सांस्कृतिक महत्वलाई अझ बलियो बनाएको स्थानीय बताउँछन् । कतिपयले ती आकृतिलाई प्राकृतिक रूपमा बनेका दिव्य चिन्हका रूपमा लिने गरेका छन् भने कतिपयले यसलाई प्राचीन सभ्यता र संस्कृतिसँग जोडेर व्याख्या गर्ने गरेका छन् ।

प्राकृतिक रूपमा शान्त र मनोरम वातावरणमा अवस्थित यो मन्दिर धार्मिक पर्यटनको दृष्टिले पनि अत्यन्तै सम्भावना बोकेको क्षेत्रका रूपमा लिन सकिन्छ । यहाँबाट देखिने ग्रामीण जीवनशैलीले जो-कोहीलाई आकर्षित गर्ने क्षमता राख्दछ । तर, आवश्यक पूर्वाधारको अभाव, सडक पहुँचको सीमितता र प्रचारप्रसारको कमीका कारण यो क्षेत्र अझै ओझेलमै परेको छ ।

मन्दिरको संरक्षण तथा विकासका लागि वडा कार्यालयले पहल गरिरहेको वडाध्यक्ष चन्द्रबहादुर विष्टले जानकारी दिनुभय । उहाँका अनुसार आफू निर्वाचित भएपछि २०७६ सालदेखि बजेट विनियोजन गरी मन्दिर क्षेत्रको संरक्षण कार्य सुरु गरिएको हो ।

“पञ्चकन्या जाल्पादेवी हाम्रो वडाको महत्वपूर्ण धार्मिक सम्पदा हो”, वडाध्यक्ष विष्टले भन्नुभयो, “सीमित स्रोतसाधनका बाबजुद पनि हामीले घेराबारा निर्माण, सरसफाइ तथा सामान्य संरचना निर्माणजस्ता काम गरेका छौँ, तर अझै धेरै काम गर्न बाँकी छ ।”

वडा कार्यालयको बजेट तथा स्थानीयवासीको श्रमदानसमेत गरी करिब रु १० लाखको लागतमा मन्दिर क्षेत्रको घेराबारा तथा संरक्षण कार्य सम्पन्न गरिएको उहाँले जानकारी दिनुभयो । आगामी दिनमा थप पूर्वाधार विकास, पदमार्ग निर्माण, सूचना बोर्ड स्थापना तथा धार्मिक पर्यटन प्रवर्द्धनका लागि पहल गरिने पनि उहाँले बताउनुभयो ।

स्थानीयवासीले समेत यस धार्मिकस्थलको संरक्षण, प्रवर्द्धन र उचित व्यवस्थापनमा सरोकारवाला निकायको ध्यान जानुपर्नेमा जोड दिएका छन् । रासस

# सिन्धुली घटनाबारे छानबिन माग गर्दै सभामुखसमक्ष ज्ञापनपत्र



काठमाण्डु । संयुक्त राजनीतिक दलित सङ्घर्ष समितिले सिन्धुलीको खुर्कोटस्थित प्रहरी हिरासतमै श्रीकृष्ण विकको मृत्यु भएको घटनाबारे छानबिनका लागि संसदीय छानबिन समिति गठनको माग गर्दै सभामुख डोलप्रसाद अर्यालसमक्ष ज्ञापनपत्र बुझाएको छ ।

समितिको प्रतिनिधिमण्डलले बिहीबार सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा भेट गरी सिन्धुली घटनाको सत्यतथ्य छानबिन गर्न संसदीय छानबिन समिति गठन गरी पीडितलाई न्यायसहित पीडित परिवारलाई उचित क्षतिपूर्ति, सुरक्षा र दीर्घकालीन जीवन निर्वाहको सुनिश्चितताको पहल गरिदिन माग गरेको हो ।

समितिले घटनामा सरोकारवाला सिन्धुलीका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख र इलाका प्रहरी कार्यालय खुर्कोटका प्रमुखलाई तुरुन्त निलम्बन गरी न्यायिक छानबिनको दायरामा ल्याउन पनि माग गरेको छ । जबर्जस्ती करणीको कसुरमा हिरातमा रहेका विकको यही वैशाख ७ गते झुन्डिएको अवस्थामा रहस्यमय मृत्यु भएको थियो । श्रीकृष्णको मृत्यु आत्महत्या नभई हत्या भएको समितिको आरोप छ ।

समितिले भनेको छ, ‘सिन्धुली जिल्लाको घटनाले न्याय नपाउँदै रोल्पा जिल्लाको गङ्गादेव गाउँपालिका-५ फुल्बासका नाबालक खगेन्द्र विकलाई घरभित्र पस्यो भन्ने आरोपमा मरणासन्न हुनेगरी कुटपिट गर्नु र उपचारको लागि अस्पताल लम्नेक्रममा बालकका बुबा गोपाल विकलाई धारिलो हतियार प्रयोग गम्भीर घाइते बनाएकोलगायत देशका विभिन्न भागमा दलितमाथि घटाइएका जातीय हिंसाका घटनाको स्थायी समाधानका लागि पहल गर्न माग गर्दछौं ।’

समितिले नेपालको संविधानले नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गरेको, आवासको अधिकारसम्बन्धी ऐनको दफा ४ र ५ विपरीत काठमाडौँलगायतका स्थानमा दलित भूमिहीन, सुकुमवासी र अव्यवस्थित बसोबासीलाई बिना विकल्प विस्थापन गर्ने कार्यलाई न्यायपूर्ण बनाउनसमेत माग गरेको छ । रासस

# हवाई सुरक्षालाई आधुनिकीकरण गर्नेबारे पर्यटन मन्त्रालयद्वारा विज्ञसँग छलफल




काठमाण्डु । बदलिँदो परिस्थितिमा मुलुकको हवाई सुरक्षालाई आधुनिकीकरण गर्ने उपायको खोजी गर्ने उद्देश्यले पर्यटन मन्त्रालयले विज्ञहरूसँग छलफल गरेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पुल्चोक क्याम्पसको ‘मेकानिकल एण्ड एरोस्पेस इन्जिनियरिङ’ विभागमा आज आयोजना गरेको एकदिने कार्यशालामा सुरक्षाको दृष्टिले महत्वपूर्ण पाटोका रूपमा रहेको ‘फ्लाइट डाटा मोनिटरिङ एण्ड एनालाइसिस’ विषयमा वायुसेवा कम्पनी तथा अन्य सरोकार भएका निकायका प्रतिनिधिसँग छलफल गरेको हो ।

कार्यशालामा नेपालको पहिलो ‘फ्लाइट डेटा मनिटरिङ’ (एफडिएम)सम्बन्धी ‘फ्लाइट डाटा मोनिटरिङ एण्ड एनालाइसिस इम्प्लिमेन्टेसन फर फ्लाइट सेफ्टी’ विषयमा विज्ञहरूले प्रस्तुति दिनुभएको थियो । पर्यटन मन्त्रालयका सचिव मुकुन्दाप्रसाद निरौलाले उद्घाटन गर्नुभएको उक्त कार्यक्रममा मन्त्रालयका सहसचिव मुकेश डङ्गोलले कार्यक्रमको उद्देश्य बारेमा सहभागीलाई जानकारी गराउनुभयो । उक्त कार्यक्रममा हवाई उडानका तथ्याङ्कको विश्लेषण गरी भविष्यमा हुनसक्ने दुर्घटना न्यूनीकरण गर्न र तथ्याङ्कमा आधारित सुरक्षा प्रणाली लागू गर्न विशेष जोड दिइएको थियो ।

पुल्चोक क्याम्पसको डिपार्टमेन्ट अफ मेकानिकल एण्ड एरोस्पेस इन्जिनियरिङका विभागीय प्रमुख डा सुदीप भट्टराईको प्राविधिक नेतृत्व र हिमालय एयरलाइन्सको व्यवहारिक अनुभव समेटिएको कार्यशालाले प्राज्ञिक ज्ञान र हवाई उद्योगबीचको सम्बन्धलाई सुदृढ बनाएको मन्त्रालयले जनाएको छ ।

हिमालय एयरलाइन्सको तर्फबाट उडान जोखिम पहिचान र अन्तरराष्ट्रिय मापदण्डका सफल अभ्यास प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा विज्ञ सहजकर्ताका रूपमा सहजीकरण गर्नुभएका डा भट्टराईले हवाई सुरक्षाको दृष्टिकोणबाट महत्वपूर्ण रहेको फलाइट डाटा मनिटरिङ एनालाइसिस र यसको महत्वको बारेमा जानकारी गराउँदै कार्यान्वयनमा भइरहेका समस्या र समाधानका उपायका बारेमा आवश्यक जानकारी दिनुभयो । सहभागी वायुसेवा कम्पनीका प्रतिनिधिले आ-आफनो संस्थामा एफडिएम कार्यान्वयनको अवस्थाको बारेमा जानकारी दिनुभएको थियो । उक्त कार्यक्रमले एफडिएमको प्रभावकारी कार्यान्वयनमा जोड दिनुका साथै नेपालको हवाई क्षेत्रलाई अन्तरराष्ट्रियस्तरमा पुऱ्याउन नियामक निकाय र सञ्चालकका लागि एक स्पष्ट रणनीतिक मार्गचित्रसमेत तयार गर्न सहयोग पुगेको मन्त्रालयको नागरिक उड्डयन महाशाखाले जनाएको छ ।

कार्यक्रममा नेपाली वायुसेवा कम्पनीबाट हवाई सुरक्षासँग सम्बन्धित कर्मचारी, नियामक निकाय, नेपाल नागरिक उड्डयन प्राधिकरणबाट सम्बन्धित क्षेत्र हेर्ने पदाधिकारी, पुल्चोक क्याम्पसको सम्बन्धित विभागका विद्यार्थी र मन्त्रालयको नागरिक उड्डयन महाशाखाका कर्मचारीलगायत व्यक्तिको उपस्थिति थियो । रासस

# विद्युत् प्राधिकरणको ‘डिजिटल पूर्वाधार कम्पनी’ सञ्चालनमा



काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी ‘नेपाल डिजिटल पूर्वाधार कम्पनी’ पूर्ण रूपमा सञ्चालनमा आएको छ ।

मुलुकको सूचना प्रविधि र दूरसञ्चार क्षेत्रमा आमूल परिवर्तन ल्याउने उद्देश्यका साथ उक्त कम्पनी सञ्चालनमा ल्याइएको प्राधिकरणले जनाएको छ । “पूर्वाधार साझा गर्ने अवधारणामा आधारित यो कम्पनीले सहरी सुन्दरता बढाउन, दुर्गम क्षेत्रमा इन्टरनेटको पहुँच विस्तार गर्न र सूचना प्रविधि प्रणालीको एकीकृत विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ”, प्राधिकरणका कार्यकारी निर्देशक हीतेन्द्रदेव शाक्यले भन्नुभयो । प्राधिकरणका अनुसार यस कम्पनीले इन्टरनेट सेवा प्रदायकलाई ‘प्लग-एण्ड-प्ले’ ढाँचामा पूर्वाधार उपलब्ध गराउनेछ ।

प्राधिकरणको पूर्वाधार प्रयोग गर्दा सेवा प्रदायकको पुँजीगत खर्च उल्लेख्य रूपमा घट्ने र त्यसको प्रत्यक्ष लाभ उपभोक्ताले सस्तो इन्टरनेटको रूपमा पाउने अपेक्षा गरिएको पनि प्राधिकरणले जनाएको छ । कम्पनीले प्राधिकरणसँग रहेका अप्टिकल फाइबर, भूमिगत डक्ट, पोललाई ‘प्यासिभ एसेट्स’का रूपमा भाडामा उपलब्ध गराउनेछ ।

काठमाडौँ उपत्यकाको मुख्य समस्याका रूपमा रहेको अव्यवस्थित तार हटाउन यस कम्पनीले प्राथमिकताका साथ काम गर्नेछ । “भूमिगत पाइपको साझा प्रयोगले सहरी सौन्दर्य फर्काउनुका साथै विद्युत् र टेलिफोनका तारहरू आपसमा अल्झिँदा हुने आगलागी र दुर्घटनाको जोखिमलाई समेत न्यून गर्ने अपेक्षा हामीले गरेका छौँ”, कार्यकारी निर्देशक शाक्यले भन्नुभयो, “हरेक कम्पनीले छुट्टाछुट्टै सडक खन्ने झन्झट पनि योसँगै अन्त्य हुनेछ ।”

नेपालकाप्रत्येकघरधुरीमाडिजिटल कनेक्टिभिटी पुऱ्याउने सरकारको लक्ष्य हासिल गर्न उक्त कम्पनीले सहयोग पुऱ्याउने विश्वास गरिएको छ । “सरकारको उक्त लक्ष्यलाई पूर्वाधार कम्पनीले नयाँ गति दिने अपेक्षा गरेका छौँ”, उहाँले भन्नुभयो, “ग्रामीण क्षेत्रमा आफ्नै पूर्वाधार निर्माण गर्न निजी कम्पनीहरूलाई अत्यन्तै महँगो पर्ने हुनाले प्राधिकरणको विद्यमान प्रसारण लाइन प्रयोग गर्दा सेवा लागत घट्ने र सर्वसाधारणले सस्तोमा इन्टरनेट पाउने वातावरण बन्नेछ ।” रासस

# उच्च शिक्षा पढ्ने छोरीबुहारीलाई भीमदत्तको छात्रवृत्ति



दोधारा चाँदनी । कञ्चनपुरको भीमदत्त नगरपालिकाले उच्च शिक्षा हासिल गर्न चाहने छोरीबुहारीलाई लक्षित गर्दै छात्रवृत्ति प्रदान गरेको छ । आर्थिक अभावका कारण कोही पनि छोरी बुहारीहरु उच्च शिक्षा अध्ययनबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले कार्यविधि बनाएर नगरपालिकाले छात्रवृत्ति प्रदान गर्दै आएको हो ।

उच्च शिक्षा अध्ययनमा सहज पहुँच पुगाउन छोरीबुहारी, दलित, गरिब र जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययन छात्रवृत्ति प्रदान गरिने भीमदत्त नगरपालिका शिक्षा शाखा प्रमुख हरिदत्त जोशीले जानकारी दिनुभयो । उहाँका अनुसार पालिकाले एमबिबिएस, सिभिल इन्जिनियर तथा प्राविधिक विषय र साधारण धारतर्फ अध्ययन गर्ने नगरपालिकाभित्रका छोरीबुहारीलाई उक्त छात्रवृत्ति प्रदान गरिने छ ।

“यो शैक्षिक शत्रका लागि पालिकाले सुचना आह्वान गरेको छ”, उहाँले भन्नुभयो, “गत वर्ष एमबिबिएस र सिभिल इन्जिनियरिङ अध्ययन गर्ने कोही विद्यार्थी सम्पर्कमा आउनुभएन् ।” शिक्षा शाखाका अनुसार छोरीबुहारी उच्च शिक्षाछात्रवृत्ति कार्यक्रमबाट हालसम्म पाँच जनाले अध्ययन गरिरहेका छन् ।

आव २०७९/८० मा तीन जना छोरी बुहारीले छात्रवृत्तिबाट साधारण धारतर्फका विषयमा अध्ययन गरेका छन् । त्यसैगरी आव २०८०/८१ म दुई जनाले उक्त छात्रवृत्तिबाट अध्ययन गरिरहेका हुन् ।

एमबिबिएर र इन्जिनियरिङ अध्ययन गर्ने विद्यार्थीहरु सम्पर्कमा नआएपछि गत वर्ष बजेट फ्रिज भएको थियो । चालु शैक्षिक शत्रका लागि पनि पालिकाले रु १० लाख बजेट विनियोजन गरेको छ । एमबिबिएस अध्ययन गर्ने दुई जनालाई प्रतिव्याक्ति रु दुई लाख, इन्जिनियरिङ अध्ययन गर्ने तीन जनालाई रु एक लाख र अन्य विषय अध्ययन गर्ने छ जनालाई रु ५० हजार हरेक आवमा छात्रवृत्ति प्रदान गर्ने नगरपालिकाले जनाएको छ । रासस

# मुस्ताङको जोमसोममा निर्माणाधीन कभर्ड हल दुई वर्षदेखि अलपत्र



मुस्ताङ । यहाँको घरपझोङ गाउँपालिका-४ जोमसोममा निर्माणाधीन बहुउद्देश्यीय कभर्ड हल दुई वर्षदेखि अलपत्र पर्दै आइरहेको छ । सरकारले दीर्घकालीन महत्वको ‘एक स्थानीय तह एक खेलग्राम’सहितको कभर्ड हल पूर्वाधारका लागि बहुवर्षीय आयोजना अघि बढाएको हो ।

हाल उक्त निर्माणाधीन बहुउद्देश्यीय कभर्ड हल बजेट विनियोजन नहुँदा अलपत्र परेको छ । आव २०७६/७७ मा जोमसोममा सुविधा सम्पन्न दुईतले बहुउद्देश्यीय कभर्ड हल निर्माण सुरु गरिएको थियो । सङ्घीय, प्रादेशिक र स्थानीय तहको संयुक्त लागत साझेदारीमा निर्माणाधीन जोमसोमस्थित बहुउद्देश्यीय कभर्ड हल विगत दुई वर्षदेखि रोकिएको छ ।

कभर्ड हलको लागत रु छ करोड ५८ लाख तय गरिएको छ । इनडोर खेलमैदानलगायत विभिन्न पूर्वाधारको व्यवस्थापन गर्ने गरी निर्माण थालनी गरिएको जोमसोमस्थित बहुउद्देश्यीय कभर्ड सङ्घ, प्रदेश र स्थानीय तहको टुक्रे बजेट र समयमा आवश्यक बजेट नहुँदा निर्माण सम्पन्न हुन बिलम्व भएको हो ।

समयमा बजेट सुनिश्चितता नहुने, विनियोजित रकम लागत अनुपातभन्दा न्यून बजेट हुँदा कर्भड हल निर्माणले गति लिन नसकेको घरपझोङगाउँपालिकाका इन्जिनियर चक्र बमले जानकारी दिनुभयो । आयोजना सुरु भएको छ वर्ष बितिसक्दा यसको भौतिक प्रगति ४० प्रतिशत रहेको उहाँले उल्लेख गर्नुभयो । निर्माणाधीन कभर्डहल आयोजना कार्यान्वयनमा आएको पहिलो वर्ष सङ्घीय सरकारबाट रु ४० लाख, प्रदेशबाट रु ५० लाख र घरपझोङ गाउँपालिकाको समपूरक बजेट रु १५ लाख लागत साझेदारी गरिएको थियो ।

यसैगरी आव २०७७/७८ मा प्रदेश सरकारबाट रु २५ लाख र स्थानीय तहबाट रु १७ लाख गरी रु ४२ लाख बजेट विनियोजन भएपछि कभर्ड हल निर्माणलाई निरन्तरता दिइएको थियो । “आव २०७८/७९ मा सङ्घ, प्रदेश र स्थानीय तहबाट गरी रु ३२ लाख बजेट विनियोजन भएको थियो । आव २०८०/८१ मा पनि सङ्घीय सरकारबाट रु ३२ लाख र स्थानीय तहको समपूरक बजेट रु २० लाख गरी रु ५२ लाख बजेट परेको थियो”, इन्जिनियर बमले भन्नुभयो । पछिल्लो समय घरपझोङमा निर्माणाधीन कभर्ड हलमा रु दुई करोड बढी बजेट खर्च भइसकेको उहाँले जानकारी दिनुभयो ।

निर्माण सुरु भएको छ वर्ष पुग्दा कभर्ड हलमा दर्शक बस्नका लागि प्यारापिट र भुइँतला ‘स्ट्रेक्चर’ निर्माण भएका छन् । समग्रतामा कभर्ड हलको दुई तला स्टक्चर उठिसकेको छ । हलको भित्र र बाहिरका कभर्डमा विभिन्न कक्षको कोठाका संरचना तयार भएका छन् । कभर्ड हलमा फलामे ढोका पनि जडान गरिएको छ ।

जोमसोम खेल मैदानमा ७०० देखि ८०० दर्शक अट्ने गरी निर्माण भइरहेको इन्जिनियर बमले जानकारी दिनुभयो । दुई तले कभर्ड हलको नमूना डिजाइन प्रदेश सरकारले पठाएपछि घरपझोङ गाउँपालिकाले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गरेको थियो ।

उहाँका अनुसार यसको लम्बाइ ४५ मिटर र चौडाइ २५ मिटर हुनेछ । जोमसोममा निर्माणाधीन दुई तले कभर्ड हलमा इन्डोर भलिबल खेल मैदान, अफिस कोठा, परिवर्तन कक्ष (चेन्जिङ रुम), प्यारापिट, भिआइपी कक्ष, मेडिकल हल, शौचालयलगायत पूर्वाधार निर्माण हुने योजना छ ।

घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले कभर्ड हल निर्माण सम्पन्न गर्नका लागि सङ्घीय र प्रदेश सरकारसँग बजेट माग गरिए पनि पछिल्लो समय बजेट विनियोजन हुन नसकेका बताउनुभयो ।रासस


## भुल सुधार

यस ज्योति विकास बैंक लिमिटेडबाट २०८३/०१/१५ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचनामा शाखा कार्यालय जनकपुर, धनुषाको ऋणी गुरु ड्रिकिङ्ग वाटरको नाम भुलबस प्रकाशित हुन गएको हुनाले सो सूचनामा भएको त्रुटी सच्याइएको छ । उक्त सूचना बमोजिम ऋणी गुरु ड्रिकिङ्ग वाटरसँग सम्बन्धित कर्जाको धितो लिलाम सम्बन्धी प्रक्रिया अघि नबढेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गर्दै उक्त त्रुटी सच्याइएको व्यहोरा समेत जानकारी गराइन्छ ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



## श्री माध्यमिक विद्यालय, बघचौडा

हँसपुर न.पा.-२, जिल्ला-धनुषा (नेपाल)

### उच्च मा.वि. तहमा शिक्षक आवश्यकता सम्बन्धि सूचना


प्रकाशित मिति: २०८३/०१/१८ गते

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई, धनुषाको मिति २०८२/१२/३० को च.नं. १५८४ को अनुमति तथा यस विद्यालयको वि.व्य.स.को मिति २०८३/०१/१० को निर्णय अनुसार उच्च मा.वि. तहको अनुदान कोटामा करार सम्झौता अनुसार शिक्षक पदपुर्ति गर्न आवश्यक रहेकाले तपसिलका शर्त सुबिधाहरुको आधारमा योग्यता पुगेका नेपाली नागरिकले शैक्षिक योग्यता लगायत प्रमाण पत्रको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गराई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र हस्त लिखित निवेदन पेश गर्ने सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. विज्ञापन नं. २/२०८२/८३
२. संख्या : १ (एक)
३. पद/तह/श्रेणी : शिक्षक/उच्च मा.वि./द्धितीय
४. विषय : अंग्रेजी
५. उमेर : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
६. न्यूनतम शैक्षिक योग्यता : मुख्य विषय अंग्रेजी लिई एम.एड.वा सो सरह कम्तिमा द्धितीय श्रेणीमा उत्तीर्ण ।
७. तलव सुबिधा : नेपाल सरकारले तोके बमोजिम
८. मा.वि. वा उच्च मा.वि. तहको अध्यापन अनुमतिपत्र प्राप्त हुनुपर्ने ।
९. परीक्षाको किसिम : लिखित, मौखिक, अन्तर्वार्ता र आवश्यकता अनुसार कक्षा अवलोकन ।
१०. परीक्षा दस्तुर : रु २५००/- (अक्षरेपी दुई हजार पाँच सय) मात्र ।
११. परीक्षा दस्तुरको रकम एन.एम.बी. बैंक हँसपुर शाखाको हिसाव नं. ११३००७८७१८७०००१२ मा जम्मा गरी त्यसको सक्कल भौचर निवेदन साथ पेश गर्नुपर्ने छ ।
१२. दरखास्त दिने अन्तिम मिति : मिति २०८३/०१/३० गते विहान ११:०० बजे सम्म ।
१३. परीक्षा मिति, समय र स्थानको जानकारी सम्पर्क मितिको दिन गराइनेछ ।
१४. निवेदन दिने स्थान : मा.वि.बघचौडा (९८४४०६१४४७ मा सम्पर्क गरेर)
१५. सामुदायिक उ.मा.वि. शिक्षक व्यवस्थापन निर्देशिका २०७१ तथा मौजुदा शिक्षा ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम नियुक्ति प्रक्रिया सम्पूर्ण हुनेछ ।
१६. फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।
१७. भविष्यमा सरकारी नोकरीका लागी अयोग्य ठहरिने गरी भ्रष्टाचारको अभियोगमा प्रमाणित नभएको ।
१८. कुनैपनि राजनीतिक दल वा तिनका भातृ संगठनहरुको प्रतिनिधि सदस्यमा (निर्वाचित वा मनोनित) रुपमा आवद्ध नभएको ।
१९. अन्तर्वार्ताको समयमा सम्पूर्ण सक्कल प्रमाणपत्रहरु प्रस्तुत गर्नुपर्ने छ ।
२०. सम्पर्क मिति : २०८३/०१/३० गते ।

प्रधानाध्यापक



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### कमिसनको लटपटमा मधेश

संघीयतालाई सबल बनाउन मधेश प्रदेशको विशेष जिम्मेवारी भएको दाबी गरिदै छ ।तर मधेश प्रदेश सरकार कमिसनको लटपटमा रहेको छ ।सरकारले बजेट खर्च गर्ने तर्फ ध्यान केन्द्रित गर्नुभन्दा अगावै कमिसन माग्न थालेपछि यसपटक बेहाल छ । निर्माण सामग्रीको मूल्यमा भएको ४० प्रतिशत हाराहारीको बृद्धि र अग्रिम कमिसनको बढ्दो दबाबका कारण उपभोक्ता समिति र ठेकेदार कम्पनीहरुले समेत कामका लागि चासो देखाएको छैन् ।सरकारले काम भन्दा कमिसनलाई उच्च प्राथमिकतामा राखेको छ ।निर्माण तर्फको कार्य प्रभावित भएपछि सरकारले आपूर्ति(सप्लाई) को काममा जोड दिएको छ ।आपूर्तिर्फको काममा समय अभाव पनि नहुने र बिल भर्पाइ तयार हुनासाथ भुक्तानी हुनाले सरकार त्यसतर्फ जोड दिएको छ ।मन्त्रालयहरुमा सप्लायर्सहरुको बिगबिगी देखिएको छ ।दिनभरि केही सप्लायर्सहरु मधेश भवनमा मन्त्रालयहरुको चक्कर लगाइरहेका हुन्छन् ।उनीहरुले दिनमा मन्त्रालयमा पुगेर लेनदेनको वातावरण मिलाउने र राति अग्रिम कमिसन भुक्तानी गर्ने बताइएको छ ।केही मन्त्रीहरुले कमिसन असुल्नका लागि मधेश भवन छेउछाउमा नै बहालमा कोठा लिएका छन् ।दिनभरि सुनसान रहने त्यस्ता कोठाहरुमा राति ९ बजेपछि चहलपहल बढ्ने गरेको छ ।मधेश प्रदेश सरकारले मुख्य रुपमा आपूर्ति, निर्माण र कर्मचारी सरुवामा कमिसन खाने गरेको छ ।कर्मचारी सरुवामा कमिसन खाने प्रवृत्ति बढेपछि कतिपय स्वाभिमानी कर्मचारीहरु मधेश प्रदेशमा रहनै चाहँदैनन् ।मधेश प्रदेशमा कर्मचारीको अभाव र अटेरीको कारण लेनदेनमा आश्रित सरुवा कारण हो ।मधेश प्रदेश सरकारले नै बिचौलिया पालेका छन् ।काठमाण्डु, विराटनगर लगायतका बिचौलिया र आपूर्तिकर्ताहरुले मधेश प्रदेश सरकारलाई नियन्त्रणमा राखेको बताइन्छ ।उनीहरुले चाहे अनुसारको शीर्षकमा बजेट बिनियोजन गर्ने सरकारले कमिसनको डिल पहिले नै गर्ने गरेको बताइन्छ ।अग्रिम कमिसन लिएर बजेट राखिने गरिन्छ ।तर मन्त्री हटेपछि बिचौलिया र सप्लायर्स समस्यामा पर्ने गरेका छन् ।संघीयतालाई संस्थागत गर्ने मधेश प्रदेश सरकार नै भ्रष्टाचारमा चुर्लुम्म डुबेकाले प्रदेशको अवधारणाप्रति आमनागरिकमा गलत अवधारणा देखिन थालेको छ ।नेपालमा संघीयताको अभ्यास हुन थालेको एक दशक भएको छ ।त्यो अवधि एकदम थोरै छ ।तर संघीयतालाई बदनाम गराउने कारणले नकारात्मक सन्देश फैलिन थालेको छ ।संघीय सरकार भ्रष्टाचारलाई ‘शून्य सहनशीलता’ भनेको छ ।तर प्रदेशमा सरकार नै भ्रष्टाचारमा डुबेको छ ।देशमा संघीयता असफल भए त्यसको प्रमुख जिम्मेवार मधेश प्रदेश सरकार हुनेछ ।पहिलो कार्यकाल मधेश प्रदेशको अत्यन्त सकारात्मक रहेको थियो ।तर दोस्रो कार्यकालमा सरकारको अस्थिरताले संघीयता नै जोखिममा परेको छ ।

# गौरव गर्न लायक छैनन् गौरवका आयोजना



● शुक्रऋषि चौलागाईं

सर्व प्रथम वि.सं. २०६८/६९ मा १७ वटा घोषणा गरिएकोमा हाल २७ वटा गौरवका आयोजना छन् । समग्रमा, राष्ट्रिय गौरवका आयोजना नेपाललाई समृद्ध र आत्मनिर्भर बनाउने आधारशिला पनि हुन् । यिनको समयमै सम्पन्नताले मात्र देशको मुहार फेर्न सकिन्छ । तर ढिलासुस्ती र लागत वृद्धिले अनेकन चुनौती थपिरहेको छ ।

जलस्रोत तथा सिँचाइ विभागका अनुसार नेपालमा कुल ३५ लाख ५७ हजार सात सय हेक्टर कृषियोग्य जमिनमध्ये २५ लाख ३६ हजार हेक्टर सिँचाइयोग्य क्षेत्र रहेको छ । हालसम्म करिब १५ लाख ८७ हजार नौ सय १० हेक्टर जमिनमा सिँचाइको पहुँच पुगेको छ । अझै झण्डै १० लाख हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउनुपर्ने ठूलो चुनौती रहेको छ ।

यहाँ बाँके बर्दिया र सुर्खेतसँग जोडिएका सिँचाईसँग सम्बन्धित राष्ट्रिय गौरवका आयोजनाका बारेमा चर्चा गर्न खोजिएको छ ।

### सिक्टा सिंचाइ आयोजना (बाँके)

सिक्टा सिँचाइ आयोजना नेपालको राष्ट्रिय गौरवको आयोजना हो । बाँके अगैयास्थित राप्ती नदीबाट पानी डाइभर्ट गरी सिंचाई व्यवस्था गरिदैछ । ४२ हजार सात सय ६६ हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यसहित यो आयोजना २०६२/६३ देखि निर्माण सुरु भएको हो ।

दुई दशक बिति सक्दा पनि आयोजनाको प्रगति अपेक्षित छैन । राप्ती नदीमा बाँध र केही नहर बनेका छन्, तर अझैं नहर र संरचना निर्माण गति सुस्त छ । अहिलेसम्म २२ हजार पाच सय हेक्टरमा मात्रै संरचना विस्तार भएको छ । भौतिक प्रगति हाल सम्म ४६ प्रतिशत मात्रै छ ।

पश्चिमी मुख्य नहरको ४५ किमी र पूर्वी मुख्य नहरको ३७ किमी निर्माण सम्पन्न भएको छ । हाल सम्म २४ हजार हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ। सरकारको आफ्नै स्रोतबाट सुरु भएको आयोजनाको लागत १२ अर्ब ८० करोडबाट बढेर ५२ अर्ब ८९ करोड पुगिसकेको छ। आयोजना पूरा हुन अझैं ७/८ वर्ष लाग्ने अनुमान छ तर त्यो पनि निश्चित छैन ।

### चुनौती

आयोजनाले लामो समयदेखि ढिलासुस्तीको सामना गरिरहेको छ । जग्गा अधिग्रहण, क्षतिपूर्ति विवाद, निर्माण सामग्री अभाव, ठेकेदारसँगको मुद्दा-मामिला, नहर अतिक्रमण, स्ल्याब भत्किने समस्या र गुणस्तरियतामा अनेकन आशंका र प्रश्न उब्जीनु मुख्य चुनौती हुन् । बजेट अभावले पनि काम प्रभावित हुँदै आएको छ ।

कहिलेकाहीं पर्यावरणीय प्रभाव (वन फँडानी, प्रदूषण) र स्थानीय विवादले पनि गति रोकेको छ । यही गतिमा काम भए दशकौंसम्म पनि पूरा नहुने चेतावनी समेत दिइएको छ ।

### सम्भावना

आयोजना पूरा भएपछि बाँके जिल्लामा कृषि उत्पादन व्यापक रूपमा बढ्नेछ । धान, गहुँ, तरकारीलगायत बालीको उत्पादकत्व वृद्धि भएर किसानको आयमा सुधार आउनेछ। करिब सत्र हजार घरपरिवार र चार लाख किसान लाभान्वित हुनेछन् । फसलको तीव्रता १६८ प्रतिशतबाट २४२ प्रतिशत पुग्ने अनुमान छ । यसले खाद्य सुरक्षा, रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्रलाई बलियो बनाउनेछ ।

सरकारले हालै अलपत्र आयोजना पूरा गर्ने नीति लिएको छ । पर्याप्त बजेट, प्रभावकारी अनुगमन, स्थानीय सहकार्य र प्राविधिक सुधारबाट यो आयोजना समयमै सम्पन्न गर्न सकिन्छ । सिक्टा सफल भएमा अन्य सिँचाइ आयोजनाका लागि पनि उदाहरण बन्न सक्छ ।

### बबई सिंचाइ आयोजना (बर्दिया)

बबई सिँचाइ आयोजना बर्दियामा रहेको राष्ट्रिय गौरवको आयोजना हो । यो आयोजना वि.सं. २०४५/०४६ मा नेपाल सरकारको आफ्नै स्रोतबाट निर्माण थालिएको हो । बबई नदीको पानी पूर्व र पश्चिम भागमा नहर, शाखा नहर र उप-शाखा नहरहरू मार्फत सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखेर शुरु गरिएको हो । बर्दियाको करिब ३६ हजार हेक्टर जमिनमा वर्षभरि सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखिएको छ ।



कुल संशोधित लागत १८ अर्ब ९६ करोड पुगेको छ जबकि शुरुमा अनुमान २ अर्ब ८७ करोड थियो । अहिलेसम्म आइपुग्दा करिब ६६ गुणा बढेको छ । भौतिक प्रगति करिव ८२ प्रतिशत भएको मानिन्छ । पूर्वतर्फ ३४.५ किमी, पश्चिमतर्फ ३१.६ किमी गरि ६६.१ किमी भन्दा बढीको मूल नहर ३२१.५ किमी शाखा तथा उप-शाखा नहरमार्फत २७ हजार हेक्टरभन्दा बढी क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ ।

३८६.७९ हेक्टर जग्गा अधिग्रहण गरिएको सो आयोजना २०८२/८३ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ, तर पूर्ण सम्पन्न हुने मिति अझैं निश्चित छैन । किसानले केही क्षेत्रमा पानी पाउन थालेका छन्, तर पूर्ण सिँचाइ अझै बाँकी छ ।

### चुनौती

३७ वर्ष बितिसक्दा पनि पूर्ण सम्पन्न नहुनु र लागत ६६ गुणा बढ्नु नै प्रमुख चुनौती हो । ठेकेदारले काम नगरी अलपत्र पार्ने, बाढी र प्राकृतिक विपत्ति दोहरिरहने समस्या पनि प्रमुख चुनौती हुन् ।

वर्षेनी बजेट पर्याप्त नहुनु, अन्तर-निकाय समन्वय कमजोर हुनु, गुणस्तरहीन निर्माण हुनु, म्याद थप्ने प्रवृत्ति कायम रहनु पनि निर्माण ढिलाईको कारण हो । जग्गा मुआब्जा, भूमि अधिग्रहण र किसानको अपेक्षा अनुसार पानी नपुग्दा असन्तुष्टि बढ्नु पनि अर्को चुनौती हो । यि समस्या र चुनौतीलाई बेलैमा सम्बोधन गरिनु पर्छ ।

### सम्भावना

बबई सिँचाइ आयोजना पश्चिम नेपालको सिँचाइ विकासको ‘लाइफ लाइन’ हो । ३७ वर्षको अवधीमा बबई सिँचाइ आयोजनाको काम ८२ प्रतिशत पुगेको छ । पछिल्लो चरण प्रगति राम्रो देखिएको छ । अब सम्पन्न हुने चरणमा छ । यदि पूर्ण सम्पन्न भए बर्दियामा वर्षभरि सिँचाइ सुविधा हुने छ ।

धान, गहुँ, तरकारी आदि उत्पादनमा ठूलो वृद्धि हुनेछ । अर्थतन्त्र (कृषि-आधारित) मजबुत भई रोजगारी सिर्जना हुने छ । स्थानीय बजार जीवन्त बन्ने छ । खाद्य सुरक्षा र किसानको आय बढ्ने आशा छ ।

हालै मन्त्रीस्तरबाट रुग्ण ठेक्का तोड्ने निर्देशन दिइएको छ, जसले सुधारको सम्भावना देखाएको छ । तर त्यसका लागि सरकारले रुग्ण ठेक्का व्यवस्थापन, ३ सिफ्ट काम, डिजिटल अनुगमन र पर्याप्त बजेट सुनिश्चित गर्नु सक्नु पर्छ, यदि यसो गर्न सकियो भने यो आयोजना ०८३ भित्रै पूर्ण सम्पन्न हुन सक्छ ।

यो आयोजनाले भेरी-बबई जस्ता अन्य आयोजनासँग जोडिएर ठूलो प्रभाव पार्न सक्छ ।

### भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना (सुर्खेत)

भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना सुर्खेतमा रहेको राष्ट्रिय गौरवको आयोजना हो । भेरी नदीबाट ४० घनमिटर प्रति सेकेन्ड पानी १२ किलोमिटर लामो सुरुङ मार्फत बबई नदीमा खसाल्ने हो ।

०७०/०७१ देखि शुरु भएको यो आयोजना आ.व. २०७६/७७ मा सम्पन्न गर्ने लक्ष्य थियो तर कहिले सकिन्छ ठेगान छैन । अहिलेसम्म ६९ प्रतिशत भौतिक प्रगति छ। आयोजना अन्तर्गत सुरुङ निर्माणको काम फटाफट भएपनि अन्य संरचनामा निर्माणले गति लिएको छैन ।

आयोजनाबाट बाँके र बर्दियाको ५१ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य हो । ४६ मे.वा. जलबिद्युत उत्पादन गर्ने समेत लक्ष्य रहेको छ। नेपालमा पहिलो पटक टनेल बोरिङ मेसिन प्रयोग गरिएको आयोजनाको लागत १६ अर्ब ४३ करोडबाट बढेर ३६ अर्ब ८० करोड पुगिसकेको छ।

### चुनौती

आयोजनाको मुख्य चुनौती लक्ष्य अनुसार प्रगति नहुनु नै हो । समष्टिगत भौतिक प्रगति हालसम्म ६९ प्रतिशत मात्रै छ । नेपालमै पहिलोपटक टनेल बोरिङ मेसिन प्रयोग गरी २०७६ मा सुरुङ (१२.२ किमी) निर्माण गरिएको हो । तर दोस्रो चरण (बाँध, पावरहाउस, पेनस्टक आदि) को काममा भने ढिलासुस्ती भएको छ । ०८० मै सकिनु पर्ने काम चौथो पटक म्याद (३ वर्ष ४ महिना थप माग) थप्ने तयारी छ। सुरुको लागत ३३ अर्बबाट बढेर ४५ अर्ब नाघ्ने अनुमान छ।

कोभिडले करिब दुई वर्ष काम रोकीदा ठूलो असर पऱ्यो । त्यसपछि सामग्री अभाव, डिजाइन परिवर्तन, परामर्शदाता परिवर्तन, नदीको बहाव आदिले पनि प्रभाव पारेको आयोजनाले जनाएको छ । कर्णाली प्रदेशले लुम्बिनीलाई ‘पानी लैजान्छौ भने बिजुली देऊ’ भन्नेसम्मको माग गरेको छ। ०७६ देखिको यो माग अझै सम्बोधन भएको छैन ।

आयोजनाले ३२ हेक्टरभन्दा बढी कृषियोग्य जमिन डुबान हुनबाट रोकथाम, प्रभावितहरूलाई क्षतिपूर्ति, भेरी नदीको माछा प्रवास प्रणालीमा नकारात्मक प्रभाव र स्थानीय समुदायको रोजगारी तथा आधारभूत पूर्वाधार विकासको माग सम्बोधन नहुँदा आयोजना कार्यान्वयनमा चुनौती थपिएको छ।

### सम्भावना

आयोजनाबाट कृषि, ऊर्जा र आर्थिक विकासमा ठूलो योगदान पुग्ने देखिन्छ । बाँके-बर्दियाका ५१ हजार हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ उपलब्धता हुनेछ। कृषि उत्पादन बढ्न गई वार्षिक करिब ४.५ अर्ब रुपैयाँ विद्युत र कृषिबाट आम्दानी हुने प्रक्षेपण छ । पहिलो ठूलो अन्तर-नदी जल स्थानान्तरण आयोजना भएकाले भावी आयोजनाहरू (जस्तै सुनकोशी-मरिन) लाई पनि मार्गदर्शन दिनेछ।

४६.८ मेगावाट जलविद्युत थपिएर राष्ट्रिय ग्रिडलाई सहयोग पुग्नेछ । दुई प्रदेशबीच जलस्रोत साझेदारीको उदाहरण बन्न सक्छ, जसले दीर्घकालीन जल व्यवस्थापनमा योगदान दिन्छ। आयोजना सफल भएमा किसानको आय बढने, खाद्य संकट घटने, रोजगारी सिर्जना हुने र स्थानीय विकास हुने सम्भावना पनि छ।

ठेकेदार, संघीय सरकार र दुवै प्रदेशबीच तत्काल समन्वय बढाएर कामलाई तीव्रता दिन सके यो आयोजनाले किसान, ऊर्जा क्षेत्र र राष्ट्रिय अर्थतन्त्रलाई ठोस लाभ दिन सक्छ।

### निष्कर्ष

राष्ट्रिय गौरवका यि आयोजनाहरू सम्बन्धित जिल्लाको समृद्धिको ‘लाइफलाइन’ हुन्, तर ‘ कछुवा प्रगति’ले गौरवको आयोजना गौरव गर्न लायक देखिएनन् । यि आयोजना सम्पन्न भए बाँके, बर्दियामा कृषि क्रान्ति हुन सक्छ । वर्षभरि सिँचाइले धान, गहुँ, तरकारी उत्पादन बढ्न गई खाद्य सुरक्षा मजबुत हुनेछ।

सरकारले हालै गौरवका आयोजनालाई ‘अलपत्र नछोड्ने’ प्रतिबद्धता गरेको छ। यदि ठेकेदार परिवर्तन, तीन सिफ्ट काम, डिजिटल अनुगमन र विशेष कानुन बनाएर अघि बढाइयो भने प्रगति तीव्र हुन सक्छ। सिँचाइ प्रणालीको विस्तार, मर्मत र आधुनिक प्रविधिको उच्चतम प्रयोगले कृषि उत्पादनमार्फत नै अर्थतन्त्र उँभो लाग्न सक्छ, तर त्यसका लागि सरकार नै दृढताका साथ उभिन जरुरी छ । यो आलेख रातोपाटीडटकमबाट साभार गरिएको छ।

# प्राविधिकका रूपमा प्रस्तावित निजामती सेवा ऐन हेर्दा..



● श्रीकमल द्विवेदी

विज्ञान पढ्दाको एउटा चाखलाग्दो उदाहरणबाट लेख्न मन लाग्यो। रकेट प्रक्षेपण गर्दा पृथ्वीको गुरूत्वाकर्षणबाट टाढा जान लगभग १३ किलोमिटर प्रति सेकेन्डको गति चाहिन्छ– जसलाई इस्केप भेलोसिटी भनिन्छ। यो गतिमा रकेट प्रक्षेपण गर्न सकिएन भने भूउपग्रहको रूपमा पृथ्वीकै वरिपरि नै घुमिरहन्छ। समस्याबाट बाहिर आउन पनि फरक बाटो र गतिमा जानै पर्छ, पुरानै बाटो र गतिले त त्यही समस्याको वरिपरि नै घुमिरहन्छ। प्राविधिकको रूपमा प्रस्तावित निजामती सेवा ऐन पढ्दा त्यति उत्साहित हुन सकिनँ। देश विकासमा अहिले प्रणालीले भोगिरहेको समस्यालाई निकास दिने हिसाबमा ऐन आउला भन्ने ठूलो आशा थियो।

तर केही कानुनी दफाहरू परिवर्तन गरेर अहिलेका प्रशासनिक मोडललाई बलियो बनाउने काम मात्र भएको जस्तो लाग्यो। देश विकासमा मुख्य योगदान दिने प्राविधिकहरूलाई प्रशासनको दबाब झनै बढाउने ऐन प्रस्तावित भएको रहेछ। र्वप्रथम त नाम नै ’निजामती’ सेवा कता कता बिझाउने शब्द छ। पूर्व सचिव उमेश मैनालीका अनुसार भारतको कुनै राज्यको नवाब ’निजाम’ को दरबारमा सेवा गर्ने कर्मचारीहरूलाई निजामती भनिने शब्दबाट आएको हो। अंग्रेजी ’सिभिल सर्भिस’ ले बोकेको वजन निजामतीले बोक्दैन। सोझै ’नागरिक सेवा’ भन्दा बढी देशको सेवा भन्ने अपनत्व आउने थियो।

पञ्चायतविरूद्ध २०४६ सालको जनआन्दोलनपछि बनेको सरकारलाई पञ्चायतकालको कर्मचारीतन्त्रले सहयोग गर्दैन भन्ने भावना थियो। फलस्वरूप सकेसम्म चाँडो माथिल्लो तहका ती कर्मचारीहरूलाई बिदा दिनुपर्छ भन्ने भावनाले काम गरेको थियो।

तल्ला तहकाहरूलाई पनि माथिल्लो तहका हटाउन सके आफू माथि जाने बाटो खुल्ने हुँदा ठूलो संख्यामा अनुभवी कर्मचारीहरूलाई अवकाश दिइयो। पूर्वसचिव द्वारिकानाथ ढुंगेलको ’निजामती प्रशासनमा कोतपर्व’ हतारमा गरिएको निर्णयले पछि प्रत्युत्पादक भएको महसुस भएको धारणा राख्नुहुन्छ।

यो कोतपर्वले प्रशासनिक संरचना, कर्मचारी मनोविज्ञान र नीति निर्माणमा दीर्घकालीन प्रभाव पारेको थियो। शतप्रतिशत न त पुराना खराब छन्, न त शतप्रतिशत नयाँ असल छन्।

तर लामो अनुभव सँगालेकाहरूलाई हठात् हटाउँदा भोलि संस्थागत सम्झना हराउने ठूलो खतरा हुन्छ।

३८ वर्षको पार्टीहरूको शासनमा विज्ञता भनेकै ’आफ्नो पार्टी (वा व्यक्तिगत) फाइदाका लागि नियम कानुन मिचेरै पनि काम गर्ने कार्यकर्ताहरूको हालिमुहाली’ चलेको थियो। दलाल र बिचौलियाहरू मार्फत के के भएको रहेछ भन्ने त अहिले चलिरहेका मुद्दाहरू र भइरहेको छानबिनबाट देखिएको तस्बिर नै काफी छ।

यदि कर्मचारीतन्त्रले देशहित हेरेको भए देश अहिले पनि द्वन्द्वग्रस्त मुलुकहरू बाहेकमा सबभन्दा गरिबमध्ये पर्ने थिएन। कर्मचारीतन्त्रलाई स्थायी सरकार पनि भनिन्छ, राजनीतिक दलहरू सत्तामा आउने जाने त भइरहन्छ, तर देशको विकासमा मुख्य भूमिका खेल्ने त कर्मचारीतन्त्र नै हो।

अहिले जुन भाष्य निर्माण गरिएको छ– सबै कर्मचारीहरू खराब छन्, तुरून्तै फ्याँक्नुपर्छ– पूर्ण सही होइन। पक्कै हो, प्रणाली खराबलाई प्रोत्साहन हुने खालको थियो। यथार्थ के पनि हो भने, सबै खराब पनि हुँदैनन्, सबै राम्रा पनि हुँदैनन्। कर्मचारीतन्त्रलाई घोडासँग तुलना गरौं। आफ्नो कल्पना गरेको गन्तव्यमा पुग्न राजनीतिक नेतृत्वले घोडालाई तन्दुरूस्त राखेर ’आश र त्रास’ देखाउँदै लानुपर्छ।

तर भयो के, घोडा चढ्ने नेतृत्वले घोडालाई नै कहाँ जाने भनेर सोधेपछि त उसले आफूलाई जहाँ जान सजिलो र फाइदाजनक हुन्छ त्यहीँ जाने भन्ने नै भयो।

अहिले देश कुन मोडलबाट चलिरहेको छ भने बजेट खर्च गरेपछि बिस्तारै सबैतिर पुग्छ र विकास हुन्छ। पुरानो खान-लाउन पुगे भयो भन्ने समयलाई त्यो ठिकै होला। तर अहिले विश्वबजारमा हामीले कसरी आफ्नो उपस्थिति जनाउने भन्ने सोच्ने हो भने माथि भनेझैं रकेटको प्रक्षेपण गति फेर्नैपर्छ।

डर र त्रासले मात्र नयाँ सोचहरू पक्कै आउँदैनन्। नवप्रवर्तन निस्किँदैन। विज्ञताको कदर भएन भने बत्ती बालेर खोज्दा पनि पाउन नसकिने अवस्था सिर्जना हुन सक्छ। अहिलेको कर्मचारीतन्त्र पदीय मोडलबाट चलेको छ, जति माथिल्लो पद भयो त्यति ठूलो। यो मोडलले विज्ञताको कदर गर्दैन।




नयाँ ऐनले लगभग यही बाटो समातेको छ।

प्रस्तावित ऐनको दफा १० को उपदफा १४ मा विशेषज्ञ पदको छड्के प्रवेशको व्यवस्था गरिएको छ। तर सो पदको बढुवाबारे स्पष्ट व्यवस्था देखिँदैन। कर्मचारीतन्त्रलाई स्पष्ट रूपमा दुई समूहमा छुट्ट्याउनु उपयुक्त हुन्छ – सामान्य पदीय सोपानका पदहरू र विशेषज्ञ पदको सोपान। विद्यमान ऐनमा विशेषज्ञ पदको व्यवस्था त गरेको छ तर विशेषज्ञहरूको पनि समूह (टिम) नै चाहिन्छ।

यो व्यवस्थाले आवश्यक परेको पदलाई विशेषज्ञ पदमा लैजाने र त्यो पदको निश्चित अवधिमा बढुवा हुँदै जाने व्यवस्था गर्नुपर्छ। यो व्यवस्थामा कुनै विशेषज्ञलाई राजपत्रांकित तेस्रो श्रेणीको विशेषज्ञ पदमा नियुक्त गर्ने र ५ वर्षमा त्यो पदबाटै बढुवा हुँदै माथिसम्म जाने र अवकाशपछि त्यो पद सुरू नियुक्तिकै माग हुन्छ।

यो व्यवस्था हुने हो भने विशेषज्ञता भएकाहरू पनि टिक्ने अवस्था हुन सक्छ। नत्र सामान्य पद सोपानबाट माथिल्लो पदमा पुगेकाहरूबाट हेपिएको अवस्थामा विशेषज्ञहरू टिक्न सक्ने अवस्था हुने छैन र संस्थागत सम्झनाहरू हराउँदै जाने सम्भावना हुन्छ।

अहिले १४ तह प्रस्तावित गरिएको छ। सातौं तहमा छिरेको मान्छे १३ तहमा पुग्न ६ तह पार गर्नुपर्छ। सात वर्षमा एक तह पार हुने भएकाले ४२ वर्ष लाग्ने देखिन्छ। त्यसैले काम नगरी बढुवाको तयारी गर्नै पर्ने अवस्था देखिन्छ।

नतिजामूलक कामलाई जोड दिने कि बढुवाका लागि काम नगरी पढेर बस्ने कर्मचारीतन्त्र बनाउने? यो व्यवस्थाले काम गर्नेभन्दा काम नगरेर पढेर बस्ने प्रवृत्तिलाई बढावा दिन्छ।

प्रस्तावित ऐनको दफा १० ले पदपूर्ति गर्दा १० प्रतिशत खुला र १० प्रतिशत आन्तरिक प्रतियोगिताका लागि छुट्याए अनुसारको गणना कुन मितिदेखि गरिने स्पष्ट व्याख्या हुनु जरूरी छ।

यो व्यवस्थाको स्पष्टता नहुँदा १० प्रतिशत अर्थात् १० सिटमा एक हुन जान्छ। यो एक सिट खुला र आन्तरिक प्रतियोगिताका लागि कति वटा पदमा माग गर्ने भन्ने स्पष्ट नहुँदा धेरै पद हुनेतर्फ त खासै फरक पर्दैन। तर थोरै पद हुने प्राविधिक क्षेत्रमा ’रिभर्सल अफ सिनियोरिटी’ कायम रहने अवस्था छ।

विकासमा मुख्य भूमिका प्राविधिक जनशक्तिको हुन्छ। २०४९ को ऐनसम्म प्राविधिक जनशक्तिलाई प्रोत्साहन गर्न तलब स्केल नै छुट्टै थियो। प्रशासनको हालिमुहाली चल्न थालेपछि यो संशोधन गरेर दुई प्राविधिक ग्रेड दिने व्यवस्था गरियो।

पछि प्रशासन र प्राविधिक समान गरियो।

धेरै जना प्राविधिक सांसद भएका बेला उत्कृष्ट प्राविधिकलाई सरकारी सेवामा प्रोत्साहित गर्नेबारे पनि नयाँ ऐनले सोच्नुपर्छ।

केही पदहरूमा सेवा प्रवेशको न्यूनतम योग्यता स्नातकोत्तर छ। बढुवाका लागि विद्यावारिधि माग गरिन्छ। विद्यावारिधि अनुसन्धानमूलक क्षेत्रहरूका लागि आवश्यक छ। तर अहिले त्रिभुवन विश्वविद्यालयले स्नातकोत्तर तहपछि एमफिल तह पढाउन थालेको छ। नयाँ ऐनले स्नातकोत्तरपछि गरिने एमफिल चिन्नुपर्छ। दफा ३२ मा बढुवाका लागि भौगोलिक क्षेत्र र स्थानीय तहमा अनिवार्य बसेको हुनुपर्ने प्रावधान प्रस्ताव गरिएको छ। तर सबै प्राविधिकको दरबन्दी ती क्षेत्रहरूमा हुँदैन। त्यस्तो दरबन्दी नभएको वा रिक्त नभएको अवस्था प्रमाणित गर्नुपर्ने व्यवस्था भए पनि यो प्रमाणित गराउनुपर्ने व्यवस्थाले प्रशासनको खुसामद गर्नुपर्ने अवस्था आउँछ।

अनुसन्धान गरौं, कति विदेशबाट प्राप्त छात्रवृत्तिहरूमा मनोनयन हुन नसकेर खेर गएका थिए ।

# सेवा प्रवाहमा देखिएका अवरोध हटाउन अध्यादेश ल्याइएको होः सल्लाहकार शाह



काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहले कानुनी जटिलताका कारण जनसरोकारका काम नरोकिउन् र जनतालाई प्रदान गर्ने सेवाको प्रवाह चुस्त होस् भन्ने लोकतान्त्रिक मान्यतालाई आत्मसात् गरेर सरकारले अध्यादेश ल्याएको स्पष्ट गर्नुभएको छ ।

उहाँले सरकारले सार्वजनिक सेवा प्रवाह र प्रशासनिक प्रणालीमा रहेका नीतिगत जटिलता हटाउनका लागि आवश्यकपर्ने महत्वपूर्ण कदम चाल्नका लागि अध्यादेश सिफारिस गरेको बताउनुभएको हो ।

सल्लाहकार शाहले आज सामाजिक सञ्जालमार्फत सरकारले सार्वजनिक सेवा प्रवाह र प्रशासनिक प्रणालीमा रहेका नीतिगत जटिलता हटाउन महत्वपूर्ण कदम चालेको बताउनुभएको छ ।

सोही प्रयोजनका लागि यही वैशाख १४ गतेको मन्त्रिपरिषद् बैठकले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष अध्यादेश प्रमाणीकरणका लागि सिफारिस गरेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभएको छ, "वर्तमान सरकार गठन भएलगत्तै सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापतिले नयाँ जनादेशको मर्मअनुसार शासकीय सुधारका लागि राजनीतिक नियुक्ति पाएका पदाधिकारीहरूलाई मार्गप्रशस्त गर्न आह्वान गर्नुभएको थियो ।

सो आग्रहका बाबजुद कार्यसम्पादन र समन्वयमा देखिएका व्यावहारिक कठिनाइलाई सम्बोधन गर्न सरकारले यो कानुनी बाटो रोजेको हो । यसले कार्यसम्पादनमा देखिएका अवरोध 'डेड्लक' अन्त्य गरी नतिजामुखी शासन पद्धति स्थापित गर्न सहज हुनेछ ।"

उहाँले सार्वजनिक सरोकारका निर्णय निश्चित समयभित्रै सम्पादन गरी जनतालाई सुशासनको प्रत्याभूति गराउन सो अध्यादेश ल्याइएको पनि प्रष्ट पार्नुभएको छ । पुराना र जटिल कानुनी प्रावधानका कारण जनहितका कार्यमा हुने विलम्बलाई यसले अन्त्य गर्ने जानकारी दिँदै विगतमा दशकौँसम्म अल्झिएका प्रक्रियागत समस्यालाई पहिचान गरी तिनको दिगो र वैज्ञानिक समाधान निकाल्ने सरकारको लक्ष्य रहेको पनि उहाँले बताउनुभएको छ ।

उहाँले लेख्नुभएको छ, "यी अध्यादेश कुनै व्यक्ति वा समूहको स्वार्थका लागि नभई विशुद्ध रूपमा नागरिकको हित र राज्य संयन्त्रको प्रभावकारिताका लागि ल्याइएको छ । कानुनी जटिलताका कारण जनसरोकारका काम रोकिनु हुँदैन भन्ने लोकतान्त्रिक मान्यतालाई आत्मसात् गर्दै यसले देशको समृद्धिको यात्रालाई थप गति दिने बलियो आधार खडा गरेको छ ।" रासस

# रुपान्तरणकारी बजेट आउँछः अर्थमन्त्री वाग्ले

काठमाण्डु । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले परम्परागत शैली तोड्दै रुपान्तरणकारी बजेट ल्याइने बताउनुभएको छ ।

आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका लागि पृष्ठपोषण हुनेगरी नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले बिहीबार यहाँ आयोजना गरेको नीतिगत छलफलमा अर्थमन्त्री वाग्लेले पुरानै शैली र प्रवृत्ति तोडेर रुपान्तरणकारी बजेट ल्याइने स्पष्ट पार्नुभयो ।



उहाँले परिणाममुखी र सुधार केन्द्रित बजेट ल्याइने बताउनुभयो । बजेटबारे आम नागरिकमा रहेको अतिरञ्जना र भ्रमप्रति टिप्पणी गर्दै उहाँले बजेटलाई सरकारको आय-व्यय व्यवस्थापनको व्यावहारिक दस्तावेजका रूपमा बुझ्नुपर्ने धारणा राख्नुभयो ।

उहाँका अनुसार आगामी बजेट निर्माणका लागि सबै मन्त्रालयलाई राष्ट्रिय स्रोत अनुमान समितिले तोकेको करिब १८ खर्ब ९० अर्ब रुपैयाँको सीमाभित्रै रहेर योजना बनाउन निर्देशन दिइएको छ । यद्यपि आर्थिक रुपान्तरणका लागि अहिलेको सिलिङ अपर्याप्त रहेको टिप्पणी पनि उहाँले गर्नुभयो ।

विगतमा राजस्व क्षमताभन्दा ठूलो आकारको बजेट ल्याउने प्रवृत्तिले समस्या निम्त्याएको उल्लेख गर्दै उहाँले आगामी वर्षका लागि करिब १३ खर्ब ३० अर्ब रुपैयाँ बराबरको अनिवार्य दायित्व रहेको र देशको राजस्व क्षमता करिब ११ खर्ब ८० अर्ब रुपैयाँ हाराहारी मात्र रहेको जानकारी दिनुभयो ।

अर्थमन्त्री वाग्लेले यस्तो अवस्थाले अनिवार्य दायित्व धान्नसमेत चुनौती देखिएको उल्लेख गर्दै ऋण परिचालनको आफ्नै दायित्व र सीमाहरू रहेको बताउनुभयो । करिब १९ खर्ब रुपैयाँको बजेटले करिब ७० खर्ब रुपैयाँको अर्थतन्त्रलाई प्रभावकारी रूपमा चलायमान बनाउन सक्ने वा नसक्ने प्रश्न महत्त्वपूर्ण रहेकाले विनियोजनको कुशलता र कार्यान्वयन क्षमतामा जोड दिईने उहाँले बताउनुभयो ।

सीमित स्रोतका कारण नतिजा नदिने तथा प्रभावहीन कार्यक्रमहरू कटौती गरिने सङ्केत गर्दै उहाँले सार्वजनिक खर्चलाई रणनीतिक रूपमा बढाएर अर्थतन्त्र चलायमान बनाउने नीति अवलम्बन गरिने बताउनुभयो ।

साथै सामाजिक क्षेत्रमा लगानीलाई पनि समान प्राथमिकता दिइने उहाँको भनाइ थियो । सीमित स्रोत साधनका बीच पनि सुशासन, सहज सेवा प्रवाह, रोजगारी सिर्जनालगायत विषयलाई केन्द्रमा राखेर आर्थिक राजकाजको जहाज मोड्ने गरी बजेट ल्याइने उहाँको भनाइ छ ।

राजस्व परिचालन सुदृढ गर्न कर सुधारलाई प्राथमिकतामा राखिने उल्लेख गर्दै उहाँले विद्यमान कर दर अव्यावहारिक भएको गुनासोप्रति सरकार संवेदनशील रहेको बताउनुभयो । आयकर र भन्सार दर उच्च भएको विषयमा पुनरावलोकन गरिने र करको बोझ घटाएर खपत वृद्धि गर्ने लक्ष्यका साथ बजेट तयारी भइरहेको उहाँले स्पष्ट पार्नुभयो । "कर घट्दा राजस्व घट्छ भन्ने परम्परागत सोचमा सरकार छैन", उहाँले भन्नुभयो ।

बजेट निर्माणमा सत्तारुढ दलको चुनावी घोषणापत्रलाई मार्गदर्शक बनाइने स्पष्ट पार्दै उहाँले मध्यम वर्ग तथा उद्यमी व्यवसायीको सुरक्षालाई केन्द्रमा राखिने बताउनुभयो । खर्च गर्ने क्षमताको कमजोरीका कारण विदेशी अनुदान घट्दै गएको उल्लेख गर्दै उहाँले कार्यान्वयन क्षमता अभिवृद्धिमा सरकार केन्द्रित रहेको जानकारी दिनुभयो ।

रुग्ण बनेका आयोजना, शक्ति र पहुँचका आधारमा बजेटमा समावेश भएका योजना तथा नतिजा नदिने कार्यक्रमहरूलाई बजेटबाट हटाइने सङ्केत पनि अर्थमन्त्री वाग्लेले गर्नुभएको छ । "आसेपासे पुँजीवाद झल्किने कार्यक्रम कटौती गरी सुशासनको सन्देश दिनुपर्छ", उहाँले भन्नुभयो ।

निजी क्षेत्रलाई अर्थतन्त्रको प्रमुख संवाहकका रूपमा चित्रण गर्दै उहाँले इमानदार व्यवसायीलाई डराउनुपर्ने अवस्था नरहेको तर व्यवसायको नाममा अनियमितता गर्नेप्रति सरकार कडा रूपमा प्रस्तुत हुने चेतावनी दिनुभयो । लगानीमैत्री वातावरण निर्माणका लागि अव्यावहारिक कानुन संशोधन तथा नयाँ कानुन निर्माण गरिने पनि उहाँले बताउनुभयो ।

अर्थमन्त्री वाग्लेले आर्थिक वृद्धिदर वृद्धि र रोजगारी सिर्जनालाई बजेटको मूल लक्ष्य बनाइने उल्लेख गर्दै करिब सात प्रतिशतको आर्थिक वृद्धि लक्ष्य महत्वाकांक्षी भए पनि सम्भव रहेको दाबी गर्नुभयो ।

जलविद्युत्, खनिज, पूर्वाधार कनेक्टिभिटी, शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रलाई प्राथमिकतामा राखिने तथा प्रवासी नेपाली (डायस्पोरा) को लगानी आकर्षित गर्ने नीति अवलम्बन गरिने पनि उहाँले जानकारी दिनुभयो । रासस

# सञ्चारमाध्यमलाई उद्योगका रुपमा विकास गर्नुपर्छ : मुख्यमन्त्री पाण्डे

गण्डकी । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सञ्चारमाध्यमलाई सूचना प्रवाह गर्ने संस्थाका रुपमा मात्र नभई दिगो र आत्मनिर्भर मिडिया उद्योगका रुपमा विकास गर्नुपर्ने बताउनुभएको छ ।

प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकीद्वारा बिहीबार पोखरामा आयोजित सञ्चारमाध्यमको व्यवस्थापनसम्बन्धी अन्तर्क्रिया एवं कार्यशाला गोष्ठीमा उहाँले सञ्चारमाध्यम आफैँमा सक्षम, प्रतिस्पर्धी र आत्मनिर्भर व्यावसायिक प्रतिष्ठानका रुपमा स्थापित हुनुपर्नेमा जोड दिनुभयो ।

"प्रदेश सरकार सञ्चारमाध्यमलाई जिम्मेवार, मर्यादित र व्यावसायिक रुपमा सक्षम बनाउन आवश्यक सहयोग र सहजीकरण गर्न तयार छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "यसका लागि सरकार, सञ्चार उद्यमी, सम्पादक, पत्रकार, विज्ञापन क्षेत्र र सरोकारवालाबीच व्यावहारिक सहकार्य आवश्यक छ ।"



परम्परागत सञ्चारमाध्यमहरु डिजिटल रुपान्तरणमा जानुपर्ने बताउँदै उहाँले डिजिटल माध्यमसँग जोडिएर पहुँच, प्रभाव र आम्दानीको नयाँ आधार तयार गर्नुपर्ने बताउनुभयो । मुख्यमन्त्री पाण्डेले विज्ञापनका लागि मात्र गरिने पत्रकारिता क्षणिक हुने भएकाले दीर्घकालसम्म नागरिकको विश्वास जित्ने सामग्री उत्पादन र सम्प्रेषण गर्न सञ्चारमाध्यम र पत्रकारलाई आग्रह गर्नुभयो ।

उहाँले सञ्चार क्षेत्रका माग र आवश्यतालाई प्रदेश सरकारको आगामी नीति, कार्यक्रम तथा बजेटमा यथासम्भव सम्बोधन गर्ने प्रतिबद्धता जनाउनुभयो । कार्यशाला गोष्ठीमा गण्डकी प्रदेशका विभिन्न जिल्लामा सञ्चालित रेडियो तथा टेलिभिजनका सञ्चालकहरुको सहभागिता थियो ।

गोष्ठीमा मिडिया अनुसन्धानकर्ता मधु आचार्यलगायतले सञ्चारमाध्यमको व्यवस्थापनका विषयमा सहजीकरण गर्नुभएको थियो । प्रेस रजिष्ट्रार विमला भण्डारी र प्रेस रजिष्ट्रारको कार्यालयका निर्देशक निराजन शर्माले कार्यालयको सेवा प्रवाह र भावी योजनाबारे प्रस्तुतीकरण राख्नुभएको थियो ।

कार्यक्रममा गण्डकी प्रदेशका प्रमुख सचिव डण्डुराज घिमिरे, नेपाल पत्रकार महासङ्घ, गण्डकीका अध्यक्ष रमेश पौडेल, न्यूनतम पारिश्रमिक निर्धारण समितिका पूर्वअध्यक्ष गङ्गाधर पराजुली, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल (बान)का अध्यक्ष कुमार भट्टराई, सञ्चार उद्यमी विश्वशङ्कर पालिखेलगायतले सञ्चार क्षेत्रका समसामयिक विषयमा आ-आफ्ना धारणा राखेका थिए । रासस

# सङ्क्रमणकालीन न्यायलाई छिटो निष्कर्षमा पुऱ्याउन सर्वोच्चको परमादेश

काठमाण्डु । सर्वोच्च अदालतले सङ्क्रमणकालीन न्यायसम्बन्धी उजुरीको अनुसन्धान गरी छिटो निष्कर्षमा पुऱ्याउन परमादेश जारी गरेको छ ।

कायमम ु कायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरु डा मनोजकुमार शर्मा, डा नहकुल सुवेदी, अब्दुल अजीज मुसलमान र टेकप्रसाद ढुङ्गानाको संवैधानिक इजलासले मङ्गलबार सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा परेका उजुरीको अनुसन्धानलाई छिटो निष्कर्षमा पुऱ्याउन सरकारका नाममा परमादेश जारी गरेको हो ।

"न्यायको पहुँचको अवरोध हटाउनका लागि दुई आयोगमा दर्ता भएका उजुरी प्रभावकारी रुपमा अनुसन्धान अगाडि बढाई छिटो निष्कर्षमा पुऱ्याउन परमादेश जारी गरिएको छ", सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले आज राससलाई जानकारी दिँदै भन्नुभयो, "यस विषयमा विगतमा भएका आदेश तथा निर्देशनात्मक आदेशको कार्यान्वयन गरी छिटो निकास दिन सरकारका नाममा परमादेश जारी गरेको छ ।"



संवैधानिक इजलासले बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्यनिरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन (तेस्रो संशोधन), २०८१ अन्तरराष्ट्रिय मापदण्ड, सर्वोच्च अदालतको फैसला, कानुनअनुसार नै संशोधन गरिएको हुनाले संवैधानिक भएको ठहर गरेको छ । विस्थापित संविधानसभाका ज्येष्ठ सदस्य कुलबहादुर गुरुङ र अधिवक्ता डा ज्ञानबहादुर बस्नेतसमेतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदनमा उक्त ऐनको तेस्रो संशोधन असंवैधानिक भएको र दुवै आयोगका उजुरीलाई छिटो अनुसन्धान गरी निष्कर्षमा पुऱ्याउन माग गरिएको थियो ।

ऐनको तेस्रो संशोधनमा मानव अधिकारको गम्भीर उल्लङ्घन भन्ने शब्दको सट्टामा विभिन्न ठाउँमा मानव अधिकारको उल्लङ्घन वा मानव अधिकारको गम्भीर उल्लङ्घन भनेर राखिएको छ । रिट निवेदनमा मानव अधिकारको गम्भीर उल्लङ्घन भन्ने शब्द मात्रै राखिनुपर्ने माग गरिएको थियो । रासस

# बर्दिया राष्ट्रिय निकुञ्ज संरक्षणलाई प्रभावकारी बनाउने मन्त्री चौधरीको प्रतिबद्धता

ठाकुरद्वारा । कृषि तथा पशुपन्छी विकास एवं वन तथा वातावरणमन्त्री गीता चौधरीले बर्दिया राष्ट्रिय निकुञ्जको संरक्षणलाई प्रभावकारी बनाउँदै लगिने प्रतिबद्धता जनाउनुभएको छ ।

बिहीबार निकुञ्ज स्थापनाको ५०औँ वर्ष (स्वर्ण जयन्ती) का अवसरमा यहाँ आयोजित विशेष समारोहमा मन्त्री चौधरीले निकुञ्ज र वन्यजन्तुको संरक्षणलाई आधुनिकीकरण गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले परम्परागत शैलीबाट माथि उठाएर वैज्ञानिक र प्रविधिमैत्री बनाइने उल्लेख गर्नुभयो ।

मन्त्री चौधरीले निकुञ्जको ५० वर्षे यात्रालाई बर्दियाली जनता र प्रकृतिबीचको सहअस्तित्वको महत्वपूर्ण इतिहासका रूपमा चित्रण गर्नुभयो । "पाँच दशकअघि वन्यजन्तुको सुरक्षित बासस्थान बनाउने उद्देश्यले स्थापना गरिएको निकुञ्ज आज विश्वका लागि जीवन्त सङ्ग्रहालयका रूपमा विकास भएको छ", उहाँले भन्नुभयो ।

मन्त्री चौधरीले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुको संरक्षण गर्नु सरकारको मात्र दायित्व नभई स्थानीय समुदाय, साझेदार संस्था र निजी क्षेत्रको साझा जिम्मेवारी भएको उल्लेख गर्नुभयो । उहाँले स्थानीय समुदायको सक्रिय सहभागिताबिना निकुञ्जको दिगो संरक्षण सम्भव नहुने धारणा राख्नुभयो ।

वन्यजन्तु संरक्षणका क्रममा उत्पन्न मानव-वन्यजन्तु द्वन्द्वलाई मुख्य चुनौतीका रूपमा रहेका उल्लेख गर्दै मन्त्री चौधरीले जनताको सुरक्षा र जीविकोपार्जनलाई प्राथमिकतामा राखिने स्पष्ट पार्नुभयो । "वन्यजन्तुको संरक्षणसँगै मानव जीवन र सम्पत्तिको सुरक्षालाई समेत समान रूपमा ध्यान दिँदै प्रभावकारी योजना बनाइछ", उहाँले भन्नुभयो ।

निकुञ्जबाट प्राप्त हुने लाभ स्थानीय बासिन्दाको जीवनस्तरसँग प्रत्यक्ष रूपमा जोडिनुपर्नेमा जोड दिँदै मन्त्री चौधरीले त्यसको न्यायोचित वितरण गरिने बताउनुभयो । आगामी दिनमा वैज्ञानिक अध्ययन, प्रविधिको प्रयोग तथा युवाको सक्रिय परिचालनमार्फत संरक्षणलाई थप प्रभावकारी बनाइने उहाँको भनाइ छ । "प्रकृति हाम्रो मात्र नभई भावी पुस्ताको सम्पत्ति भएकाले यसको संरक्षण हाम्रो साझा जिम्मेवारी हो", मन्त्री चौधरीले उल्लेख गर्नुभयो ।

सो अवसरमा निकुञ्ज संरक्षणमा योगदान पुऱ्याउने कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी तथा संरक्षणकर्मीलाई सम्मान गरिएको थियो । सरकारले मध्यवर्ती क्षेत्रको विकास, जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण तथा अवैध गतिविधि नियन्त्रणका लागि आवश्यक नीति तथा कानुन निर्माण गर्ने छ । रासस

# निर्वाचन प्रणालीलाई थप व्यवस्थित बनाउन एकीकृत कानुन आवश्यकः कार्यवाहक प्रमुख आयुक्त भण्डारी

काठमाण्डु । निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले मुलुकको निर्वाचन प्रणालीलाई थप व्यवस्थित र आधुनिक बनाउन एकीकृत कानुन ल्याउनुपर्नेमा जोड दिनुभएको छ । निर्वाचन पर्यवेक्षण समिति नेपालले आयोजना गरेको 'प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२' को अन्तिम पर्यवेक्षण प्रतिवेदन सार्वजनिक कार्यक्रममा उहाँले सो आग्रह गर्नुभएको हो ।

आयोगले तीन वर्षअघि विभिन्न सात ऐनलाई विस्थापित गरी एउटै एकीकृत विधेयक तर्जुमा गरेर सरकारलाई पठाएको उल्लेख गर्दै प्रमुख आयुक्त भण्डारीले विद्युतीय मतदान (ई-भोटिङ), विदेशमा रहेका नेपालीको मतदान अधिकार र अन्तर-प्रदेश मतदानजस्ता विषयलाई समेट्न कानुन अपरिहार्य रहेको बताउनुभयो । वर्तमान ऐन नियम भद्रगोल अवस्थामा रहेको टिप्पणी गर्दै उहाँले कानुन निर्माणमा गम्भीर हुन जनप्रतिनिधिहरुको ध्यानाकर्षण गराउनुभयो ।



उहाँले भन्नुभयो, "निर्वाचन आयोग कानुन मस्यौदा गर्ने निकाय नभए पनि अभ्यासमा देखिएका जटिलता समाधान गर्न हामीले विधेयक तयार गरेका हौँ । आगामी बजेट अधिवेशनबाट यो विधेयक पारित नभए आगामी २०८४ सालको निर्वाचन पनि पुरानै ढर्रामा हुनेछ र कुनै सुधार सम्भव हुने छैन ।"

आयोगले हालै सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा उच्च आर्थिक पारदर्शिता र मितव्ययिता अपनाएको दाबी गरेको छ । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले सरकारले सुनिश्चित गरेको ६ सय ७५ करोड रुपैयाँको बजेटमध्ये करिब एक सय ७५ करोड रुपैयाँ बचत भएको र सो रकम छिट्टै सरकारलाई फिर्ता गरिने जानकारी दिनुभयो । आयोगले ४७ प्रकारका निर्वाचन सामग्री जिल्ला र स्थानीय तहबाटै खरिद गर्ने गरी 'अधिकार प्रत्यायोजन गरेका कारण खर्चमा व्यापक कटौती भएको बताइएको छ । निर्वाचनमा भएको खर्चको पूर्ण विवरणसहित आयोगले छिट्टै श्वेतपत्र जारी गर्ने तयारीसमेत गरेको छ ।'

प्रमुख भण्डारीले भन्नुभयो, "हामीले केन्द्रबाट सीमित सामग्री मात्र खरिद गऱ्यौँ । स्थानीयस्तरमा सरकारी निकायबाटै सामग्री खरिद गरिएकाले कुनै आर्थिक अनियमितता हुने गुञ्जायस रहेन ।" रासस

# लुम्बिनी प्रदेशसभाको आठौँ अधिवेशन शुरु

लुम्बिनी । लुम्बिनी प्रदेशसभाको आठौँ अधिवेशन बिहीबारदेखि शुरु भएको छ । पहिलो बैठकमा सङ्घीय सरकारले सुकुमवासी बस्तीमा डोजर चलाइएको, आगामी बजेटका प्राथमिकतालगायत विषयमा छलफल भएको हो । बैठकमा प्रदेशसभा सदस्यहरूले समृद्ध प्रदेश निर्माणका लागि योजनाबद्ध ढङ्गले अघि बढ्नुपर्नेमा जोड दिनुभएको छ । शिक्षा, स्वास्थ्य, कृषिलगायतका क्षेत्रलाई प्राथमिकतामा राखेर बजेट निर्माण गर्न सुझाव दिइएको हो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का प्रमुख सचेतक तुलसीप्रसाद चौधरीले राजनीतिक दलले देश निर्माणको हैसियत राख्ने बताउनुभयो । नेपाली कांग्रेसका प्रमुख सचेतक जमुना ढकालले नयाँ अधिवेशनले प्रदेश विकासलाई गति दिने विश्वास व्यक्त गर्नुभयो । प्रभावकारी नीति निर्माणमार्फत विकासका कामलाई तीव्रता दिनुपर्नेमा जोड दिँदै विगतका कमजोरी सच्याउनुपर्ने धारणा राख्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का प्रमुख सचेतक इन्द्रजित थारुले आवासविहीन सबै नागरिकलाई आवासको अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले प्रदेशमा भूमि व्यवस्थापन ऐन छिटो ल्याउनुपर्ने आवश्यकता औँल्याउँदै भूमिसम्बन्धी समस्या समाधानमा प्रदेश सरकारले सक्रिय भूमिका खेल्नुपर्ने बताउनुभयो ।

प्रदेशसभा सदस्य भण्डारीलाल अहिरले इमान्दारी र समावेशितामा आधारित बजेट निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । प्रदेशसभा सदस्य हेमा बेल्वासेले विगतका गल्ती नदोहोऱ्याइ कार्यान्वयनयोग्य बजेट ल्याउनुपर्ने बताउँदै युवालाई लक्षित डिजिटल अर्थतन्त्रका कार्यक्रम समेट्न सुझाव दिनुभयो ।रासस

## धनुषा जिल्ला अदालतबाट तपसिलका प्रतिवादीको नाउँमा जारी भएको २१ (एक्काइस) दिने समाह्वान म्याद

फाँट नं.३

वादी जिल्ला धनुषा भरतपुर गा.वि.स. वडा नं. ६ हाल ऐ. गणेशमान चारनाथ न.पा. वडा नं. ३ मा बस्ने लक्ष्मी देवहरको छोरा रामबावु देवहर दनुवार र प्रतिवादी जिल्ला धनुषा रघुनाथपुर गा.वि.स. वडा नं. ७ हाल परिवर्तित सबैला न.पा. वडा नं. १२ मा बस्ने हेम प्रसाद मानन्धरको छोरा अ.वर्ष ५१ को मधुरा प्रसाद मानन्धर भएको जालसाजी मुद्दामा तपसिलमा उल्लेखित प्रतिवादीहरुको नाउँमा २१ दिने समाह्वान म्याद जारी गरी पठाइएकोमा सो म्यादहरु बेपत्ते व्यहोराबाट तामेल भै आएकोले यस अदालतको मिति २०८३/०१/११ गतेको आदेशले सो म्याद वदर भई पुनः यो २१ दिने समाह्वान म्याद जारी गरिएको छ। यो म्याद प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काइस) दिन भित्रमा प्रतिउत्तर पत्र र कानुन बमोजिम आफ्नो लिखत प्रमाण समेत लिई हाजिर हुन आफै आउनु वा कानुन बमोजिम वारिस वा कानुन व्यवसायी पठाउनु हुन सूचित गरिएको छ। म्याद भित्र प्रतिउत्तर पत्र लिई तपाई आफै वा वारिस वा कानुन व्यवसायी मार्फत उपस्थित हुनु भएन भने सो मुद्दामा कानुन बमोजिम हुनेछ र पछि तपाईको कुनै उजुर बाजुर लाग्ने छैन।

**तपसिल**

जिल्ला धनुषा रघुनाथपुर गा.वि.स. वडा नं. ७ हाल परिवर्तित सबैला न.पा. वडा नं. १२ मा बस्ने हेम प्रसाद मानन्धरको छोरा अ.वर्ष ५१ को मधुरा प्रसाद मानन्धर...................................... १

# अमेरिकाले लज्जास्पद हार बेहोरेको इरानका सर्वोच्च नेताको भनाइ

रासस/एएफपी । इरानका सर्वोच्च नेता आयातोल्लाह मोजतबा खामेनीले बिहीबार एक लिखित सन्देशमा इस्लामिक गणतन्त्रसँगको युद्धमा अमेरिका पराजित भएको दावी गर्नुभएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको लामो नाकाबन्दीको इरानी नेतृत्वले उल्लङ्घन गर्न सफल हुनुलाई इरानको जीतका रूपमा सर्वोच्च नेता खामेनीले बताउनुभएको छ।

खामेनीले भन्नुभएको छ, "यस क्षेत्रमा सबैभन्दा ठूलो सैन्य तैनाथी र आक्रमण र संयुक्त राज्य अमेरिकाको लज्जास्पद हारको दुई महिनापछि पर्सियन खाडी र स्ट्रेट अफ हर्मुजका लागि नयाँ अध्याय खुलेको छ ।"

इरानको नयाँ सर्वोच्च नेताका रूपमा मार्च ९ मा नियुक्त भएयता अहिलेसम्म सार्वजनिक रूपमा देखा नपरेका खामेनीको सन्देश इरानमा 'पर्सियन खाडी' दिवसको वार्षिक राष्ट्रिय उत्सवको अवसरमा आएको हो।

गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमा आक्रमण गरेपछि तत्कालिन सर्वोच्च



नेता तथा खामेनीका पिताको मृत्यु भएपछि मोजतबा खामेनी सर्वोच्च नेता बन्नुभएको थियो ।

गत हप्ता न्यूयोर्क टाइम्सले नाम नखुलाइएका कैयौँ इरानी अधिकारीलाई उद्धृत गर्दै आक्रमणमा खामेनी गम्भीर घाइते भएको तर उहाँ मानसिक रूपमा तेज रहेको बताएको थियो ।

आफ्नो बिहीबारको सन्देशमा उहाँले अमेरिकाले यस क्षेत्रमा आफ्ना सहयोगीहरूलाई सुरक्षित गर्ने कुनै आशा प्रदान गर्ने कुरा त परै जाओस् अमेरिकी अड्डाहरूमा 'आफ्नो सुरक्षा सुनिश्चित गर्ने क्षमताको पनि अभाव छ।"

उहाँले यस क्षेत्रका देशहरूका लागि 'आराम र प्रगति' ल्याउने माध्यमको रूपमा रणनीतिक स्ट्रेट अफ हर्मुजको इरानको 'नयाँ कानुनी ढाँचा र व्यवस्थापन' को प्रशंसा गर्नुभयो ।

मध्यपूर्व युद्ध सुरु भएदेखि यो जलमार्ग एउटा प्रमुख विन्दु बनेको छ, इरानले जलमार्गबाट केवल केही जहाजलाई मात्र पार गर्न अनुमति दिएको छ।

गत हप्ता इरानी एक वरिष्ठ सांसदले भन्नुभएको थियो, "तेहरानले हर्मुज जलमार्गमा लगाएको करबाट राम्रो राजस्व प्राप्त गर्न थालेको छ।"

खामेनीले खाडीमा संयुक्त राज्य अमेरिकाको उपस्थित नहुनु नै यस क्षेत्रका लागि उज्ज्वल भविष्य हुने बताउनुभयो । उहाँले भन्नुभयो, "हजारौं किलोमिटर टाढाबाट हस्तक्षेप गर्नेहरूलाई 'यसको पानीको पिँधमा बाहेक खाडीमा कुनै स्थान छैन।"

नेता खामेनीले सरकारको राष्ट्रियताका लागि भएको लडाइमा इरानका जनताले पीडा सहेरै पनि समन्वय गरेको भन्दै इरानी जनताको धैर्यका लागि आधार प्रकट गर्नुभयो । उहाँले भन्नुभयो, "नानो र बायोदेखि आणविक र मिसाइलसम्मका पहिचान, आध्यात्मिक, मानवीय, वैज्ञानिक, औद्योगिक र उन्नत प्रविधिहरू सबै राष्ट्रिय क्षमताहरूलाई इरानीहरू आफ्नो राष्ट्रिय लक्ष्य मान्छन्।"

यसअघि बिहीबार नै इरानका राष्ट्रपति मसुद पेजेस्कियानले इरानले हर्मुजमा गरेको कदमको बदलामा अमेरिकी नौसैनिक नाकाबन्दी 'असफल हुने' बताउनुभएको थियो ।

पेजेस्कियानले थप्नुभयो, "यस्ता उपायहरूले 'क्षेत्रीय सुरक्षा बढाउन मात्र असफल हुने छैन, तर वास्तवमा तनावको स्रोत र पर्सियन खाडीमा स्थायी स्थिरताको अवरोध हो।"

अन्य तथ्याङ्कहरूले पनि अवज्ञाको स्वर प्रहार गरेका छन्। इरानका नौसेना कमान्डर शाहराम इरानीले सङ्केत गर्नुभयो, "इरानले 'धेरै निकट भविष्यमा' नौसैनिक हतियार तैनाथ गर्नेछ जुन उसले भर्खरै विकास गरेको छ ।

# सजाय कटौतीले सुकीको नजरबन्द छोटिन सक्ने सङ्केत



रासस/एएफपी । म्यान्माको सैन्य नेतृत्वले सबै कैदीहरूको सजाय एक-छैटौँले घटाउने निर्णय गरेसँगै अपदस्थ नेता आङ सान सुकीको नजरबन्द अवधि पनि छोटिन सक्ने सङ्केत देखिएको छ । बिहीबार घोषणा गरिएको यो सामूहिक सजाय कटौतीले देशको राजनीतिक अवस्थामाथि नयाँ बहस सिर्जना गरेको छ ।

राष्ट्रपति बनेका सैन्य प्रमुख मिन आङ ह्लाइङको कार्यालयले सार्वजनिक बिदाको अवसरमा कैदीहरूको बाँकी सजाय एक-छैटौँले घटाइने जनाएको हो । यद्यपि उक्त निर्णयमा कुनै पनि कैदीको नाम सार्वजनिक गरिएको छैन । तर नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) निकट एक स्रोतका अनुसार ८० वर्षीया सुकीले पनि यस कटौतीबाट लाभ पाउने बताइएको छ ।

सन् २०२१ को सैन्य 'कू' पछि नजरबन्दमा राखिएकी सुकीको वास्तविक बाँकी सजाय कति छ भन्ने अझै स्पष्ट छैन । एनएलडीका एक वरिष्ठ सदस्यले सुरक्षाका कारण नाम नखुलाउने सर्तमा सुकीको सजाय घटे पनि कति समय घट्यो भन्ने यकिन नभएको बताए।

सैन्य नेतृत्वले पाँच वर्षअघि सुकीको निर्वाचित सरकार हटाउँदै सत्ता कब्जा गरेको थियो ।

त्यसपछि उहाँमाथि विभिन्न आरोप लगाउँदै बन्द अदालतमार्फत मुद्दा चलाइएको थियो । भ्रष्टाचारदेखि कोभिड-१९ नियम उल्लङ्घनसम्मका अभियोगमा उहाँलाई तीन दशकभन्दा बढी कैद सजाय सुनाइएको थियो ।

पछि सन् २०२३ मा केही मुद्दामा आममाफी दिइएपछि उहाँको सजाय २७ वर्षमा झरेको थियो । पछिल्ला निर्णयहरूले भने उक्त सजाय क्रमशः घट्दै गएको सङ्केत दिएका छन् । यसअघि पनि मिन आङ ह्लाइङले यस्तै प्रकारको सामूहिक सजाय कटौतीको आदेश जारी गर्नुभएको थियो, जसले सुकीको सजाय थप घटाएको थियो ।

उक्त निर्णयसँगै सुकीका नजिकका सहयोगी तथा पूर्वराष्ट्रपति विन मिन्टलाई पनि माफी दिइएको थियो । यसले सुकीको नजरबन्द अवस्था पनि क्रमशः खुकुलो हुन सक्ने अनुमानलाई बल दिएको छ ।

तर म्यान्माको न्याय प्रणाली अपारदर्शी रहेकाले सुकीले हालसम्म कति सजाय भुक्तान गरिसक्नुभएको छ र अब कति समय घट्नेछ भन्ने विषय अझै अन्योलमै छ । राजनीतिक विश्लेषकहरूले यस अवस्थालाई सैन्य नेतृत्वको रणनीतिक कदमका रूपमा हेरिरहेका छन् ।

डेमोक्रेसीसम्बन्धी निगरानी संस्थाहरूले भने यस्ता कदमलाई वास्तविक सुधारभन्दा पनि सरकारको छवि सुधार्ने प्रयासका रूपमा टिप्पणी गरेका छन् ।

उनीहरूका अनुसार सैन्य शासनले अन्तर ीष्ट्रिय दबाब कम गर्न यस्ता प्रतीकात्मक निर्णयहरू गरिरहेको छ ।

सुकी म्यान्माभित्र अझै पनि लोकप्रिय राजनीतिक व्यक्तित्वका रूपमा रहनुभएको छ । तर उहाँको स्वास्थ्य अवस्था कमजोर रहेको भन्दै परिवारले चिन्ता व्यक्त गर्दै आएको छ । उहाँलाई लामो समयदेखि बाह्य सम्पर्कबाट लगभग अलग राखिएको छ ।

यसबीच, म्यान्माको राजनीतिक सङ्क्रमण अझै अन्योलपूर्ण अवस्थामा छ, जहाँ सैन्य नेतृत्वका निर्णयहरूले सीमित सुधारको सङ्केत दिए पनि पूर्ण लोकतान्त्रिक पुनःस्थापनाको सम्भावना भने अस्पष्ट देखिएको छ ।

# बोइङसँग बङ्गलादेशको ३.७ अर्ब डलर सम्झौता

रासस/एएफपी । बङ्गलादेशले आफ्नो राष्ट्रिय ध्वजावाहक विमान कम्पनीलाई आधुनिकीकरण गर्ने लक्ष्यसहित अमेरिकी विमान निर्माता बोइङसँग तीन अर्ब ७० करोड डलरको ठूलो सम्झौता गर्ने तयारी गरेको छ । यसअन्तर्गत आगामी दशकमा १४ वटा नयाँ विमान खरिद गरिनेछ, जसले देशको हवाई सेवामा उल्लेखनीय विस्तार ल्याउने अपेक्षा गरिएको छ ।




राज्य सञ्चालित बीएसएस समाचार एजेन्सीका अनुसार यो सम्झौता संयुक्त राज्य अमेरिकासँग भएको व्यापार तथा कर सहमतिको एक महत्त्वपूर्ण अंश हो । उक्त योजनाले बङ्गलादेश एयरलाइन्सको इतिहासमै सबैभन्दा ठूलो आधुनिक फ्लीट विस्तार सुनिश्चित गर्ने बताइएको छ ।

प्रस्तावित सम्झौताअनुसार आठ वटा बोइङ ७८७-१० ड्रीमलाइनर, दुई वटा बोइङ ७८७-९ ड्रीमलाइनर र चार वटा बोइङ ७३७-८ म्याक्स विमान खरिद गरिनेछन् । यससम्बन्धी औपचारिक हस्ताक्षर समारोह बिहीबार साँझ ढाकामा आयोजना हुने तय गरिएको छ ।

हाल बङ्गलादेश एयरलाइन्ससँग १९ वटा विमान छन्, जसमध्ये करिब १४ वटा बोइङ कम्पनीकै रहेका छन् । नयाँ खरिदले कम्पनीको सेवा क्षमता, दक्षता र अन्तर ीष्ट्रिय प्रतिस्पर्धात्मकता बढाउने विश्वास गरिएको छ ।

यो खरिद निर्णयको पृष्ठभूमिमा राजनीतिक र आर्थिक परिवर्तन पनि जोडिएको छ । सन् २०२४ को राजनीतिक उथलपुथलपछि अन्तरिम सरकारले अगस्ट २०२५ मा उक्त खरिदमा सहमति जनाएको थियो । त्यसपछि फेब्रुअरी २०२६ मा नयाँ सरकार निर्वाचित भएको हो ।

बङ्गलादेशले संयुक्त राज्य अमेरिकासँगको व्यापार सन्तुलन मिलाउन तथा सम्भावित उच्च करबाट जोगिन यो सम्झौता अघि बढाएको हो । विश्वको दोस्रो ठूलो गार्मेन्ट उत्पादकका रूपमा रहेको बङ्गलादेशको कुल निर्यातमा करिब ८० प्रतिशत हिस्सा कपडा तथा रेडिमेड गार्मेन्टको छ, जसमा अमेरिकी बजारले करिब २० प्रतिशत हिस्सा ओगटेको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बङ्गलादेशी वस्तुमा उच्च कर लगाउने चेतावनी दिएपछि ढाकाले बोइङ विमान खरिदका साथै अमेरिकी गहुँ, कपास र तेल आयात बढाउने प्रस्ताव अघि सारेको थियो । सुरुमा २५ वटा विमान खरिद गर्ने प्रस्ताव गरिए पनि पछि घटाएर १४ मा सीमित गरिएको हो ।

यो निर्णयले युरोपेली विमान निर्माता एयर बससँग भइरहेको सम्भावित सम्झौतामा असर पारेको छ । बङ्गलादेशसँग एयरबस विमान बिक्रीका लागि भइरहेको छलफल यस सम्झौतापछि प्रभावित भएको बताइएको छ ।

ट्रम्प प्रशासनले बङ्गलादेशी कपास उत्पादनमा ३७ प्रतिशतसम्म कर लगाउने चेतावनी दिएको थियो, जुन पछिल्लो सहमतिपछि घटाएर २० प्रतिशतमा ल्याइएको छ । यसले बङ्गलादेशको निर्यातमुखी अर्थतन्त्रलाई केही राहत दिएको छ ।

सन् २०२४ को अशान्तिपछि पुनःस्थापनाको चरणमा रहेको बङ्गलादेशको गार्मेन्ट उद्योगलाई स्थिर बनाउन पनि यस्तो आर्थिक तथा व्यापारिक सम्झौताले भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

# आइपिएलमा गुजरात र आरसिबी प्रतिस्पर्धा

**टुडे समाचारदाता**

एजेन्सी । इण्डियन प्रिमियर लिग (आइपिएल) मा बिहीबार गुजरात टाइटन्स र रोयल च्यालेन्जर्स बेङ्गलुरु (आरसिबी) बीच प्रतिस्पर्धा हुँदैछ। खेल अहमदाबादमा नेपाली समयअनुसार साँझ ७:४५ बजे सुरु हुनेछ ।



आरसिबीले यो खेल जितेमा अंकतालिकाको शीर्ष स्थानमा पुग्नेछ। गुजरातले भने जित निकाल्न सके तल्लो स्थानमा रहेको प्रतिस्पर्धाबाट केही हदसम्म अगाडि बढ्नेछ ।

यो सिजन आरसिबी प्रदर्शन निकै राम्रो छ। टोली तीव्र गतिमा रन बनाउने टोलीमध्ये एक हो। बलिङतर्फ जोस हेजलवुड उत्कृष्ट लयमा छन् । भुवनेश्वर कुमारले पनि प्रभावशाली प्रदर्शन गरिरहेका छन्। क्रुनाल पाण्ड्याले पनि बलिङमा राम्रो भूमिका निभाइरहेका छन् ।

गुजरातका लागि शीर्ष तीन ब्याटर शुभमन गिल, साई सुदर्शन र जोस बटलरले धेरै रन बनाएका छन्। टोलीको करिब ७० प्रतिशत रन यही ३ खेलाडीबाट आएको छ। तर टोलीको मध्यक्रम भने कमजोर देखिएको छ ।

गुजरातले पछिल्ला खेलमा जेसन होल्डरलाई टोलीमा राख्दै मध्यक्रम बलियो बनाउने प्रयास गरेको छ। तर स्टार स्पिनर राशिद खान पछिल्ला खेलमा अपेक्षाअनुसार प्रभावकारी देखिएका छैनन् ।

गुजरातले आजको खेलमा राशिद खानसहित बलिङ आक्रमणबाट राम्रो प्रदर्शनको अपेक्षा गरेको छ। आरसिबी जस्तो बलियो ब्याटिङ लाइनअपविरुद्ध राम्रो बलिङ आवश्यक हुने देखिन्छ ।

आरसिबीका विकेटकिपर जितेश शर्माले यो सिजन विकेटकिपिङमा राम्रो प्रदर्शन गरेका छन् । तर ब्याटिङमा भने उनले अहिलेसम्म ठूलो इनिङ्स खेल्न सकेका छैनन् ।

गुजरातका राहुल तेवतिया ७ खेल खेले पनि उनको भूमिका स्पष्ट देखिएको छैन । उनले कम बल खेलेका छन् र बलिङ पनि गरेका छैनन्। टोलीले उनलाई अझ बढी मौका दिन सक्छ ।

यो खेलले प्लेअफको प्रतिस्पर्धामा दुवै टोलीका लागि महत्वपूर्ण प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

# एट्लेटिकोे र आर्सनलको पहिलो लेग बराबर

**टुडे समाचारदाता**

एजेन्सी । एट्लेटिको म्याड्रिड र आर्सनलबीच च्याम्पियन्स लिग सेमिफाइनलको पहिलो लेग १-१ को बराबरीमा सकिएको छ ।

पहिलो हाफ र दोस्रो हाफको बीचमा भिक्टर ग्योकेरेस र जुलियन अल्भारेजले एक-एक पेनाल्टी गोल गरे। तर खेलको अन्त्यतिर आर्सनलले पाएको पेनाल्टी भिएआर जाँचपछि रद्द भएपछि उनीहरूले सम्भावित जित गुमाए ।



खेलको सुरुवातमा जुलियन अल्भारेज र नोनी माडुएकेले उत्कृष्ट अवसर पाए पनि गोल गर्न सकेनन् । त्यसपछि पहिलो हाफ सकिन एक मिनेट बाँकी रहँदा आर्सनलले पाएको अवसरलाई सदुपयोग गऱ्यो ।

डेभिड हान्कोले पेनाल्टी क्षेत्रभित्र भिक्टर ग्योकेरेसलाई लडाएपछि आर्सनलले पेनाल्टी पाएको थियो । स्विडेनका फरवार्ड ग्योकेरेसले गरेको पेनाल्टी प्रहार रोक्न गोलकिपर यान ओब्लाक सही दिशामा हाम फाले पनि रोक्न सकेनन् ।

दोस्रो हाफ सुरु भएपछि एट्लेटिको आक्रामक रूपमा खेलमा फर्कियो । अल्भारेजको फ्रिकिक गोलपोस्ट बाहिर गयो भने भिएआर समीक्षा पछि बेन ह्वाइटले ह्यान्डबल गरेको भन्दै एट्लेटिकोलाई पेनाल्टी दिइयो ।

खेलको ५६औँ मिनेटमा अल्भारेजले पेनाल्टी गोल गर्दै बराबरी फर्काए । गोलरक्षक डेभिड राया गोल लाइनमै उभिएको अवस्थामा बल जालीको माथिल्लो कुनामा पुगेको थियो ।

मेट्रोपोलिटानो मैदानमा आफ्नो अन्तिम च्याम्पियन्स लिग खेल खेलिरहेका एन्टोइन ग्रिजमनले त्यसपछि चिप प्रहार गर्दा बल पोस्टमा लागेको थियो। त्यसपछिको कर्नरमा राया सक्रिय हुँदै अल्भारेजको प्रहार रोके ।

खेलको अन्त्यतिर अदेमोला लुक्मानको उत्कृष्ट अवसर पनि रायाले बचाए । त्यसपछि एबेरेची एजे लडाएपछि आर्सनलले पेनाल्टी पाएको जस्तो देखिए पनि रेफ्रीले भिएआर मोनिटर हेरेपछि हान्कोको सम्पर्क न्यून रहेको भन्दै निर्णय उल्ट्याए ।

एट्लेटिकोले च्याम्पियन्स लिगको नकआउट चरणमा आफ्नै मैदानमा कुनै पनि इंग्लिस टोलीसँग हार व्यहोरेको छैन ।

एट्लेटिकोले च्याम्पियन्स लिगको एउटै खेलमा पहिलो पटक पेनाल्टी गोल पनि गऱ्यो र पेनाल्टीबाट गोल खायो । आर्सनलका लागि भने यस्तो घटना दोस्रो पटक हो ।

अल्भारेजको यो पेनाल्टी गोल उनको च्याम्पियन्स लिगमा ४१ खेलमा गरेको २५औँ गोल हो। दक्षिण अमेरिकी खेलाडीमध्ये सबैभन्दा कम खेलमा २५ गोल गर्ने कीर्तिमान उनले बनाए। यसअघि लियोनल मेस्सीले ४२ खेलमा यो उपलब्धि हासिल गरेका थिए ।

मंगलबारको भएको अर्को सेमिफाइनलको पहिलो लेगमा पेरिस सेन्ट जर्मेनले बायर्न म्युनिखलाई ५-४ ले हराएको थियो ।

# अल नासरको जितमा रोनाल्डोको गोल

जनकपुरधाम । क्रिस्टियानो रोनाल्डोले गरेपछि अल नासरले साउदी प्रो लिगमा अल अहलीलाई २- ० ले पराजित गरेको छ ।




अल-अव्वाल पार्कमा भएको खेलमा पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो। दुवै टोलीले केही अवसर पाए पनि गोल गर्न सकेनन् ।

खेलको ७६औँ मिनेटमा रोनाल्डोले हेडरमार्फत गोल गर्दै अल नासरलाई अग्रता दिलाए। जोआओ फेलिक्सको क्रसमा रोनाल्डोले गरेको प्रहार गोलमा परिणत भएको थियो ।

त्यसपछि खेलको ९०औँ मिनेटमा किंग्स्ले कोमानले अर्को गोल थप्दै अल नासरको जित पक्का गरे। उनले ऐमान यह्याको पासमा गोल गरेका थिए ।

यस जितसँगै अल नासर तालिकामा थप मजबुत बनेको छ । ३० खेलमा टोलीको ७९ अंक पुगेको छ । टोली दोस्रो स्थानको अल हिलालभन्दा ८ अंक र तेस्रो स्थानको अल अहलीभन्दा १३ अंकले अगाडि छ ।

यो सिजन अल नासरले बलियो रक्षापंक्तिका कारण राम्रो प्रदर्शन गर्दै आएको छ । टोलीले लिगमा १७ खेलमा क्लिन-सिट राखिएको छ ।

# पोखरामा महिला गोल्डकप फुटबल हुने

कास्की । पोखरामा पहिलो पटक महिला गोल्डकप फुटबल प्रतियोगिता हुने भएका छ । आरएस पोखरा फुटबल क्लबको आयोजनामा यही वैशाख १८ गते शुक्रबारदेखि २० गतेसम्म पोखरा रङ्गशालामा प्रतियोगिता हुने भएको हो ।




क्लबका अध्यक्ष रमेश कार्कीले गोल्डकपमा आयोजक आरएस पोखरा फुटबलसहित, नेपाल पुलिस क्लब, सङ्कटा क्लब र त्रिभुवन आर्मी क्लबसहित चार टोलीको सहभागिता रहने जानकारी दिनुभयो ।

प्रतियोगिताको उद्घाटन खेलमा आयोजक र नेपाल पुलिस क्लब भिड्नेछन् । शनिबार सङ्कटा र त्रिभुवन आर्मी क्लब भिड्नेछन् भने आइतबार फाइनल खेल हुनेछ ।

महिला फुटबलको विकासका लागि स्थापित आर एसले पोखरामा पहिलो पटक फुटबल प्रतियोगिता आयोजना गर्न लागेको अध्यक्ष कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, "'पछिल्लो समय महिला फुटबलको लोकप्रियताले उचाइ लिइरहेको छ ।

नेपाली राष्ट्रिय महिला फुटबल टोलीको खेल र ती खेलमा दर्शकहरूको उपस्थितिले पनि यसलाई प्रस्ट पार्छ । त्यसैले अब महिला फुटबलको प्रवर्द्धन तथा विकास गर्नुपर्छ भनेर प्रतियोगिता गर्दछौँ ।"

प्रतियोगिताको विजेताले नगद रु पाँच लाखका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । उपविजेताले रु तीन लाख पुरस्कार, उत्कृष्ट खेलाडीले रु ३० हजार तथा उत्कृष्ट गोलरक्षक र सर्वाधिक गोलकर्ताले समान रु १५ हजार प्राप्त गर्नेछन् । अनुशासित टोलीले रु २५ हजार पाउने आयोजकले जनाएको छ । रासस

# दक्षिण कोरियामा नेपाली चिया प्रवर्द्धन कार्यक्रम



काठमाण्डु।दक्षिणकोरियाको राजधानी सिओलस्थित नेपाली दूतावासले बुधबार नेपाली चियाको प्रवर्द्धन गर्ने उद्देश्यले 'नेपाली टी टेस्टिङ कार्यक्रम' आयोजना गरेको छ।

त्यस अवसरमा दक्षिण कोरियाका लागि नेपाली राजदूत शिवमाया तुम्बाहाम्फेले नेपाली चियाको विविधता र गुणस्तरलाई कोरियालीबजारमापरिचितगराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो।

सिओलस्थित दूतावासका अनुसार उहाँले कार्यक्रमका माध्यमबाट दुवै देशका चिया उद्यमीबीच अर्थपूर्ण संवादलाई प्रोत्साहन भएको बताउँदै चिया संस्कृति, परम्परा र सम्बन्धको प्रतीक भएको उल्लेख गर्नुभयो। हिमालका काखमा उत्पादित नेपाली चियाको विशिष्ट गुणस्तर रहेको र कोरियाली बजारमा यसको उच्च सम्भावना रहेको राजदूत तुम्बाहाम्फेले बताउनुभयो।

कार्यक्रममा ३० भन्दा बढी कोरियाली चिया आयातकर्ता तथा छ जना नेपाली चिया उद्यमी सहभागी भएका थिए। कार्यक्रम राष्ट्रिय चिया दिवसको सन्दर्भमा आयोजना गरिएको हो। रासस

# खाद्यान्नमा आत्मनिर्भर बन्न 'एक वडा, एक उत्पादन'

इलाम। माईजोगमाई गाउँपालिका-५ सोयाङको लोक्साङ गाउँका ३६ परिवारको सामूहिक बचत तथा कृषि समूह छ। समूहले सामूहिक रुपमा बेसारखेती गर्दैआएको छ। दुई वर्षअघि एक मन (४० किलो) बेसार रोपेर गत वर्ष २५ मन बीउ उत्पादन गरिएको थियो। यस वर्ष १२० मन उत्पादन हुने अनुमान गरिएको छ।

गाउँपालिकाले 'एक वडा एक उत्पादन' कार्यक्रमअन्तर्गत गत वर्ष रु दुई लाख अनुदान दियो। यसपटक हिउँदे अधिवेशनबाट 'ड्राएर' मेसिन र पिस्ने मेसिनका लागी रु दुई लाख ५० हजार अनुदान थप गरेपछि किसान उत्साहित भएका छन्। समूहले आफैँ उद्योग खोल्ने तयारी थालेको छ। काँचो बेसारलाई गाउँमै प्रशोधन गरेर अन्तरराष्ट्रिय बजारमा पठाइनेछ।

"सामूहिकखेती गरेर आर्थिकोपार्जन गर्न २०८० सालमा २४ परिवारले समूह खाल्यौँ। दुई वर्षमा ३६ परिवार जोडिए", समूहका सचिव सुमन बेगाले भन्नुभयो, "रोङ गाउँपालिकाले उत्पादन गरेको कपुरकोट-२ जातको एक मन बेसार प्रतिकिलो रु ७० मा ल्याएर रोपेका थियौँ। खन्ने बेला हुन लाग्यो। एक सय २० मनसम्म फल्छ भन्ने अन्दाज छ।"

बेसार १० रोपनी क्षेत्रफलमा रोपिएको छ। "बेसार कटिङ मेसिन ल्याएका छौँ। मेसिनको क्षमता प्रतिघण्टा १०० देखि ३०० किलो छ। काँचो बेसार एक पटकमा ६० किलोसम्म सुकाउन सकिन्छ", सचिव बेगाले भन्नुभयो, "जमिन भाडामा लिएका छौँ। उद्योग स्थापना गर्ने तयारी छ। अब बेसार प्रशोधन गरेर प्याकेजिङ गरेपछि विदेशमा बिक्री गर्ने तयारी छ। स्थानीय बजार, काठमाडौँ र हङ्कङ यसको मुख्य बजार हो।"

समूहले यसपटक च्याउखेती पनि सुरु गरेको छ। "चार सय किलो उत्पादन भयो। रु २०० प्रति किलोका दरले बिक्री गर्यौं। अर्को वर्ष उत्पादन बढाउँछौँ", अध्यक्ष जयबहादुर लिम्बूले भन्नुभयो।गत वर्षदेखि गाउँपालिकाले 'एक वडा एक उत्पादन' कार्यक्रम सुरु गरेको हो। एउटा वडामा एक उत्पादन बढाउने र गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउने लक्ष्य राखेर सुरु गरिएको अभियान अन्तर्गत वडा नं ५ लाई बेसारखेती छनोट गरिएको थियो।





गाउँपालिका अध्यक्ष कुशबहादुर थेबेका अनुसार, स्थानीयस्तरमा उत्पादन हुनसक्ने कृषिउपजको उत्पादन वृद्धि गरी खाद्यान्नमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने लक्ष्य राखिएको छ। "व्यावसायिक उत्पादन गर्ने कृषक तथा फर्मलाई अनुदान दिएर प्रोत्साहन गरिरहेका छौँ", अध्यक्ष थेबेले भन्नुभयो, "वडा नं १ मा रुख टमाटर, २ नं मा जडीबुटी, ३ नं मा कुखुरापालन, ४ र ६ नं मा खुर्सानी (अकबरे) र ५ नं मा बेसारखेतीमा अनुदान दिएका छौँ।"

अध्यक्ष थेबेका अनुसार, गत वर्ष ६ वडाका कृषक, कृषि फर्म, समूह तथा सहकारीमा गरी ६७ उद्यमीलाई रु १५ लाख अनुदान वितरण गरिएको थियो। कार्यक्रमको सूचना आह्वान हुन्छ। प्रस्तावना मागेर स्थलगत अवलोकन गरेपछि आर्थिक समितिले निर्णय गर्छ। प्राथमिकताका आधारमा अनुदान वितरण हुन्छ। दक्ष जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न पनि यो कार्यक्रम महत्वपूर्ण छ।

गाउँपालिकाले विभिन्न कार्यक्रममार्फत गाउँमै उत्पादन बढाएर आत्मनिर्भर बन्ने र विदेश जानुपर्ने बाध्यता न्यूनिकरण गर्ने कार्यक्रम गरिरहेको छ। गाउँपालिकामा सञ्चालित 'उपाध्यक्षसँग युवा उद्यमी' कार्यक्रमबाट स्थानीयस्तरमै रोजगारी सिर्जना भएको छ। यसका लागि दुग्ध तथा घ्यु प्रशोधन, कोदोको बिस्कुट उत्पादन र यस वर्ष ललिपप निर्माण तथा दुग्ध उत्पादन प्रशोधनसम्बन्धी तालिम सञ्चालन गरिएको थियो।

गाउँपालिकाले कार्यक्रममार्फत मौरीपालन, अलैँचीखेती, पशुपालन, ब्युटीपार्लर तथा विस्कुट उत्पादनजस्ता क्षेत्रमा उत्कृष्ट काम गर्ने उद्यमीलाई अधिकतम रु तीन लाखसम्म अनुदान दिएको थियो। गाउँपालिकाका उपाध्यक्ष प्रवीना राईले भन्नुभयो, "व्यवसायमै सक्रिय उद्यमीलाई सामग्री तथा नगद सहयोग गर्ने गरेका छौँ। हाम्रो मुख्य उद्देश्य स्थानीयस्तरमै रोजगारी सिर्जना गर्नु हो।"

पहिलो वर्ष दुग्ध तथा घ्यु प्रशोधन तालिम दिएपछि वडा नं १ का तुलबहादुर लिम्बूको कृषि तथा डेरी उद्योग, वडा नं २ की रेखा रिजालको पाण्डे डेरी उद्योग र वडा नं ६ का इन्द्र थेबेको एनएस डेरी उद्योगलाई सामग्री सहयोग गरिएको थियो। उक्त कार्यक्रमअन्तर्गत गत वर्ष कोदोको बिस्कुट उत्पादनसम्बन्धी तालिम दिइएर उत्कृष्ट ६ व्यवसायीलाई नगद अनुदान दिइएको थियो।

वडा नं १ की पार्वती भट्टराईले सञ्चालन गर्नुभएको भट्टराई बिस्कुट बेकरी उद्योगलाई वस्तुगत सहायता अनुदान दिइएको छ। त्यसैगरी, वडा नं ३ का रुद्रकुमार सञ्जेलको गहिरीगाउँ जैविक कृषि फार्म, वडा नं ४ का सनबहादुर लिम्बूको सुनौलो कृषि तथा पशुपालन फर्म, वडा नं ५ का लक्ष्मण खत्रीको कुशिका एकीकृत कृषि तथा पशुपन्छी फर्म, वडा नं १ की कञ्चन आचार्यको कञ्चन ब्युटीपार्लर तथा प्रशिक्षण केन्द्र र वडा नं ३ का लक्ष्मी तामाङ र पुजन प्रधानले सञ्चालन गरेको पशुपति पशुपालन तथा कृषि फर्मलाई नगद अनुदान प्रदान गरिएको थियो।

यस वर्ष ललिपप निर्माण तथा दुग्ध प्रशोधनसम्बन्धी तालिम ३० जनाले लिएका छन्। अब उक्त सीपलाई व्यावसायिक बनाउनेलाई अनुदान दिइने उपाध्यक्ष राईले बताउनुभयो। बिस्कुट उत्पादनमा रु दुई लाख अनुदान पाउनुभएकी पार्वती भट्टराई थप व्यावसायिक बन्न प्रोत्साहन मिलेको बताउनुहुन्छ। गाउँपालिकामा प्रतिदिन ३० हजार लिटर दुग्ध उत्पादन हुने गरेको अध्यक्ष थेबेको भनाइ छ। रासस

# बालश्रममुक्त उद्योग घोषणा अभियान सुरु

काभ्रेपलाञ्चोक। बनेपा नगरपालिकामा बालश्रममुक्त उद्योग घोषणा अभियान थालिएको छ। यसका लागि बालअधिकार संरक्षण र बालश्रम उन्मुलनलाई प्राथमिकता दिँदै नगरपालिकाले बहुपक्षीय सहभागितामा अनुगमन अभियान सुरु गरिसकेको छ।

नगरभित्र सञ्चालित विभिन्न उद्योगमा बालश्रमको अवस्था बुझ्न नगरपालिकाले प्रारम्भिक चरणको अभियान सञ्चालन गरी उद्योगमा कार्यरत बालबालिकालाई उद्धारसमेत गरेको हो।

नगरका जनप्रतिनिधि, महिला तथा बालबालिका शाखा, सुरक्षा निकाय, बालअधिकार संरक्षण समिति, बालक्लब एवं बालसञ्जाल, सञ्चारकर्मी तथा सरोकारवाला निकायको संयुक्त टोलीले पहिलो चरणमा वडा नं १ र ४ अन्तर्गत रहेका इँटा उद्योग, सिसा उद्योग, चप्पल कारखाना, बिस्कुट उद्योग, प्लास्टिक तथा ट्याङ्की उद्योगमा स्थलगत अनुगमन गरेको छ।

अनुगमनका क्रममा बालश्रम नदेखिएका उद्योगलाई 'बालश्रममुक्त उद्योग'को पहिचान-स्टिकर टाँस गरिएको नगर उपप्रमुख विमला सापकोटा दाहालले जानकारी दिनुभयो। उहाँका अनुसार बालश्रम भेटिएका उद्योगलाई तत्काल सचेत गराइएको छ। यस्तै, १८ वर्षमुनिका बालबालिकालाई श्रममा लगाइएको पाइएमा अभिभावकको जिम्मामा घर फर्काउने र पुनःदोहोरिएमा कानुनी कारबाही प्रक्रिया अघि बढाइने चेतावनी दिइएको नागरपालिकाका उपप्रमुख दाहालले बताउनुभयो।

अनुगमनका क्रममा वडा नं १ मा सञ्चालित केही सिसा उद्योग तथा चप्पल कारखानामा भने बालश्रम प्रयोग भएको पाइएपछि सम्बन्धित उद्योग सञ्चालकलाई तत्काल सचेत गराउँदै बालबालिकालाई अभिभावकको जिम्मामा पठाइएको छ। उद्योग सञ्चालकलाई भविष्यमा बालश्रम प्रयोग नगर्ने प्रतिबद्धतासमेत गराइएको उपप्रमुख दाहालले जानकारी दिनुभयो।

उहाँका अनुसार १ नं वडामा सञ्चालित इँटा उद्योग, वाइन उद्योग, बिस्कुट तथा स्टिल उद्योगमा भने बालश्रम नदेखिएपछि स्टिकर टाँसेर बालश्रममुक्त उद्योग घोषणा गरिएको छ।

बालबालिकालाई श्रममा लगाउनु कानुनविपरीत भएकाले उनीहरुको भविष्यसँग खेलबाड नगरी उद्योगलाई जिम्मेवार बनाउन र सचेतना फैलाउन यो अभियान सञ्चालन गरिएको दाहालको भनाइ छ। अभियानलाई निरन्तरता दिइने जनाइएको छ। रासस



## भाखा नाघेको कर्जा बुझाउने बारे २१ दिने सूचना

तपशिलमा उल्लेखित यस बैंकको ब्यक्ति/फर्म/कम्पनीहरुले निम्न उदेश्यका लागि विभिन्न मितिमा कर्जा लिई हाल सम्म कर्जा नबुझाई भाखा नाघि निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको सांवा,ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुंदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गर्नुपर्ने भएकोले आवश्यक सिफारिस सहित कृषि विकास बैंक लि.,मधेश प्रदेश कार्यालय जनकपुरमा पठाउने निर्णय गरियो।

**सम्बन्धित कार्यालाय : कृषि विकास बैंक, शाखा कार्यालय लहान, सिरहा**

| क्रम | ग्राहक आईडी | नाम | प्रोपाइटरको नाम | बुबाको नाम | बाजेको नाम/पतिको नाम | ठेगाना | मिसिल नं. | कर्जाको शीर्षक | सावा रकम | २०८२/१२/३० गते सम्मको ब्याज तथा अन्य रकम | तिर्नु पर्ने जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३०६४०३५ | अजय एण्ड ब्रदर्स इन्टरप्राइजेज | आशा कुमारी सोनार | टेक बहादुर गडल सोनार | नयेन्द्र विश्वकर्मा (पति) | जिरोमाइल १०, धनगढीमाई | १३७०० | ओडी व्यक्तिगत कर्जा | ६५१५४५१ | ६००८६९ | ७११६३२० |
| २ | ३०६५९४९ | अनिल कुमार राय | | केशी लाल राय | नथुनी राय | धनगढीमाई नगरपालिका | १३४९७ | सरल कृषि कर्जा | १७००००० | ३०३१० | १७३०३१० |
| ३ | ३०४७४०१ | कोमल कुमारी सिंह | | युगल किशोर सिंह | अक्षय सिंह | बरियापट्टी गाउँपालिका | १३५८६ | सरल कृषि कर्जा | २४३०००० | १४६८५६ | २५७६८५६ |
| ४ | ५३९६९६३ | कोशिला कुमारी | | मुनिलाल मेहता | दिपेन्द्र कुमार महतो (पति) | धनगढीमाई १ | ११ | सरल कृषि कर्जा | १३८६५४२ | ४५२६५ | १४३१८०७ |
| ५ | ३०६५६०३ | कृष्ण कुमार राय | | टेतार राय अमात | धनेजर राय | बरियापट्टी गाउँपालिका | १३६२३ | सरल कृषि कर्जा | १६३५४१६ | ५००३१ | १६८५४४७ |
| ६ | ३०५७७३८ | लक्ष्मी बस्त्रालय | मञ्जु देवी मोची | सघुवा मोची | सहादेव मोची (पति) | जिरो माइल ९, धनगढीमाई | ११९९० | ओडी व्यक्तिगत कर्जा | १९८७२५२ | २१५२९३ | २२०२५४५ |
| ७ | ३०५९०४५ | लकी टेलर्स | रोजिका परियार | टेकु कुमार दमाई | राजेश परियार (पति) | मझौरा-०३ | १३२१३ | सरल कृषि कर्जा | १६५३०८४ | ८६५२७ | १७३९६११ |
| ८ | ५२२३८२५ | मा गहिल कृषि तथा पशुपन्छी फर्म | गङ्गिया देवी | जलेश्वर यादव | रामकृष्ण यादव (पति) | लहान ५ सिराहा | १४२९ | सरल कृषि कर्जा | २६३५५४१ | १३३४३० | २७६८९७१ |
| ९ | ५३९४८९७ | मञ्जु कुमारी विश्वकर्मा | | रामचन्द्र विश्वकर्मा | राम बाबु विश्वकर्मा (पति) | धनगढीमाई ११ | | सरल कृषि कर्जा | ५४०००० | ३४६९९ | ५७४६९९ |
| १० | १७७४३०३ | मञ्जु कुमारी यादव | | गोविन्द यादव | चौथी लाल यादव | नवराजपुर ०१, सिराहा | १३१३७ | सरल कृषि कर्जा | ९४३९३३ | १५२६९ | ९५९२०२ |
| ११ | ५३९७७०८ | निरञ्जन यादव | | राम अउतार यादव | बउवालाल यादव | माउवाही ७ | १३७१० | सरल कृषि कर्जा | ५९५००० | २४१३६ | ६१९१३६ |
| १२ | ५४१५९२३ | प्रमेश्वर साह | | श्री कुमार साह | बेचु साह | लहान १ | १३८०७ | सरल कृषि कर्जा | १९९२५२९ | २११६३६ | २२०४१६५ |
| १३ | ५४१३८८८ | प्रमोद ठाकुर | | सिकदेव ठाकुर | रामेश्वर ठाकुर | लक्ष्मीपुर पटारी | १३८५१ | सरल कृषि कर्जा | १०८०००० | ५२९६५ | ११३२९६५ |
| १४ | ३०४२९५८ | प्रशान्त पशुपालन फर्म | गुलजार देवी यादव | हुसैनी यादव | शिवनारायण यादव (पति) | गाढा ९ सिराहा | ५४९६ | सरल कृषि कर्जा | ९८९३१९ | ६९९०१ | १०५९२२० |
| १५ | ३०६२५२५ | राधा हरे कृष्ण डेयरी उद्योग | पूनम साह | विन्देश्वर साह | डोमी साह (पति) | धनगढीमाई ना.पा. ११ धनगढी | १२१३४ | व्यापार कर्जा | ५५०००००० | २९६६३२ | ५७९६६३२ |
| १६ | १७४७३०९ | राम एकबाल यादव | | बचिलाल यादव | जुगेश्वर यादव | नवराजपुर | १३११२ | सरल कृषि कर्जा | ९५०००० | ३३१५८ | ९८३१५८ |
| १७ | ३०६३०३६ | राम कुमार राय | | रामप्रित राय अमात | मटार राय | बरियापट्टी गाउँपालिका | १३५८६ | सरल कृषि कर्जा | १७००००० | ८४६६५ | १७८४६६५ |
| १८ | ५४८८००३ | राम नारायण यादव | | बठा यादव | कारी यादव | गाढा ०९ सिराहा | ११५९७ | व्यापार कर्जा | १७३५७०३ | ४०८५७ | १७७६५६० |
| १९ | १०४१०३६ | सञ्जय साह | | राज कुमार साह | लक्ष्मी साह | धोधाना ८ सिराहा | १२१६३ | सरल कृषि कर्जा | ७७४००० | २०५९३ | ७९४५९३ |
| २० | ३०५६८२१ | सञ्जय विश्वकर्मा | | किसुनलाल कामी | काले कामी | धनगढीमाई नगरपालिका ११ | १३४०६ | सरल कृषि कर्जा | १३४२०९९ | १०३३४१ | १४४५४४० |
| २१ | ३०५८६४२ | सञ्जिला कुमारी यादव | | रामदेव यादव | जनकलाल यादव | धनगढीमाई नगरपालिका ५ | १३४४८ | सरल कृषि कर्जा | ९२४३२४ | ९९५८० | १०२३९०४ |
| २२ | ५३९३२२९ | शितल कृषि फर्म | राजकुमारी महतो | कामेश्वर महतो | उपेन्द्र महतो (पति) | धनगढीमाई ना.पा. ०६ | १३२५० | सरल कृषि कर्जा | ११८८०६८ | २०४८१ | १२०८५४९ |
| २३ | ५२९४०८ | शिवनाथ यादव | | चौधरी यादव | लुचाई यादव | गोलबजार नगरपालिका | १३४३९ | ओडी व्यक्तिगत कर्जा | ६००००० | ४०७५९ | ६४०७५९ |
| २४ | ३०६५२२५ | श्री पवन जनरल स्टोर | पवन कुमारी साह | रामदेव साहु हलवाई | राम कुमार साह (पति) | नया बजार ५, लहान नगरपालिका | १३६३० | व्यापार कर्जा | ४०२९९९० | ८३५६३८ | ४८६५६२८ |
| २५ | १९७०८२३ | श्याम सुन्दर यादव | | राम आशिष यादव | सोनेलाल यादव | धनगढीमाई-५, सिराहा | १३२९४ | व्यापार कर्जा | ८३३२८७ | ६२६४४ | ८९५९३१ |
| २६ | ५२९६२३ | आदर्श निर्माण सेवा | कमल प्रसाद यादव | राम प्रसाद यादव | | जोरपाटी ०५, काठमाण्डौ | | सस्थागत ओडी कर्जा | २६५८५९० | ३९८५२७ | ३०५७११७ |
| २७ | ३०५९०२६ | बिनीता सर्जिकल | बिनीता देवी यादव | हनुमान यादव | लक्ष्मी नारायण यादव (श्रीमान) | नहरनिया ४, नवराजपुर गाउँपालिका | १३५४४ | व्यवसाय कर्जा | २२५०००० | ११३९३४ | २३६३९३४ |
| २८ | ३०५८८८२ | पूजा बहुउद्देश्य कृषि फर्म | सुहाग यादव | चौथी यादव | दिवस प्रसाद यादव (श्रीमान) | बनौली ३, धनगढीमाई न.पा. | १३४५० | पशुपालन कर्जा | ४३७६६९९ | ६६१६९९ | ५०३८३९८ |
| २९ | ३०६११७१ | राजदेवी कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ | सुधा सरोज देवी | सोनेलाल साह | हरि कृष्ण साह (श्रीमान) | महेशपुर १ | १३५०० | सरल ठेक्का कर्जा | ४९९९९९१ | ३६२६०८ | ५३६२५९९ |
| ३० | ३०६६६४९ | अभियान्सु माछा तथा कृषि फर्म | प्रबिन कुमार राय | राम आशीष राय | अबध लाल राय | जानकी नगर २, बरियापट्टी ग्रामीण | १३८४१ | माछा पालन कर्जा | २३०२००४ | १७८६९३ | २,४८०,६९७ |
| ३१ | १३८९९९० | सुलोचना कुश्मी | | हरिलाल चौधरी | श्याम जी कुशमी (श्रीमान) | लहान-१० ग्रामिनचोक सिरहा | १३६८० | व्यक्तिगत ओडी कर्जा | २५००००० | २३३४२९ | २७३३४२९ |
| ३२ | ५४७२१७६ | महेश मोची | | सौखी लाल मोची | सगुनिया मोची | असनपुर ०४, सिरहा | १३६७५ | व्यक्तिगत ओडी कर्जा | २५००००० | ३०५००२ | २,८०५,००२ |
| ३३ | ३०६२९३९ | गणपति फुड प्रोडक्ट्स | अरबिन्द कुमार साह | रामदेव साह हलुवाई | जानकी साह | श्यामपुर १०, धनगढीमाई न.पा. | १३५५४ | व्यवसाय कर्जा | ७०००००० | १०९५३६० | ८,०९५,३६० |
| ३४ | ३०५९२३६ | पदम देवी चौधरी | | हजारी चौधरी | जगदीश चौधरी (श्रीमान) | लहान नगरपालिका बिरनगर | १३४४५ | सरल कृषि कर्जा | १५००००० | ७३७४७ | १,५७३,७४७ |
| ३५ | ३०६३५६० | दिनेश कुमार राय | | देव नारायण राय अमात | धनिक लाल राय | बरियापट्टी गाउँपालिका | १३५९० | व्यक्तिगत ओडी कर्जा | ३०१७००० | ४४७७४१ | ३४६४७४१ |
| ३६ | ५३२५६०६ | जय भगवती पशुपंछी कृषि फर्म | मनकी मोची | किसना चमार | पछुवा मोची | धनगढीमाई न.पा. ०९ | १३५९८ | पशुपालन कर्जा | २७११३५७ | १६०२९७ | २८७१६५४ |
| ३७ | ३०१६४५१ | बिगोसा निर्माण सेवा | सुरेश कुमार भट्ट | गोविन्द प्रसाद भट्ट | प्रेम लाल भट्ट | लहान ०१ | १३२२५ | ओडी/जमानत दाबी कर्जा | ७६९२११२ | ४५९३२६ | ८१५१४३८ |
| ३८ | ५२९१९४ | नवरंग कन्स्ट्रक्सन | श्लाम अली | मो सहिद अली मो वकिल अली | | लहान ०७ | ११७९६ | सरल ठेक्का कर्जा /जमानत दाबी कर्जा | ५८५३९९४ | ५३९३३१ | ६३९३३२५ |
| ३९ | ३०२२५०४ | अंकित ब्रदर्स कन्स्ट्रक्सन | राज किशोर चौधरी | शत्रुधन प्रसाद चौधरी | कौशिलाल | ग्रामीन चौक ०६ | १३१८१ | ओडी/जमानत दाबी कर्जा | १३४७०५१२ | ९३६४९२ | १४४०७००४ |
| ४० | ५४२५२५१ | तारा देवि कन्स्ट्रक्सन | राजिव चौधरी | सत्य नारायण चौधरी | छौठी चौधरी | लहान ०६ | १३७१९ | ओडी/जमानत दाबी कर्जा | २२८०५२१ | २४०२०३ | २५२०७२४ |
| ४१ | ५२८५४८ | शिव शक्ती निर्माण सेवा | गेनालाल यादव | बल्ला यादव | निर्मल यादव | लहान ०१ | ९२१६ | सस्थागत ओडी कर्जा | १३००००० | १७३२६९ | १४७३२६९ |
| जम्मा | | | | | | | | | ८८७१९२६२ | ८२३२०२७ | ९२७४६४८३ |

**कृषि विकास बैंक लि.**
मधेश प्रदेश कार्यालय, जनकपुर

# अतिक्रमित जग्गा खाली गर्न निर्देशन



**टुडे समाचारदाता**

जलेश्वर। जिल्ला प्रशासन कार्यालय महोत्तरीले जिल्लामा सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण र अतिक्रमण नियन्त्रणका अतिक्रमित जग्गा खाली गर्न निर्देशन दिएको छ।

बिहीबार सार्वजनिक सूचना जारी गर्दै अवैध कब्जा हटाउन विशेष अभियान सञ्चालन गरिने जनाएको हो। नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय तथा गृह मन्त्रालयको निर्देशनअनुसार जिल्लाभित्र रहेका सार्वजनिक, ऐलानी, पर्ती, सडक क्षेत्र, इनार तथा विभिन्न संस्थानका जग्गाहरूको संरक्षणमा ध्यान केन्द्रित गरिएको प्रशासनले जनाएको छ।

सूचना अनुसार सम्बन्धित कार्यालयहरूलाई अतिक्रमण हटाउन योजना बनाएर कार्यान्वयन गर्न निर्देशन दिइएको छ भने नयाँ अतिक्रमण हुन नदिन कडा निगरानी गरिनेछ। प्रशासनले आवश्यक परे सुरक्षा व्यवस्था र समन्वयमा सहजीकरण गर्ने जनाएको छ।

साथै, सरकारी तथा सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी निगरानी प्रणालीलाई थप प्रभावकारी बनाइने उल्लेख गरिएको छ। सूचनामा संघीय, प्रदेश र स्थानीय तहबीच समन्वय गरी संरक्षण अभियान अघि बढाइने बताइएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले नगर प्रहरी परिचालन गर्न सक्ने व्यवस्था रहेको र स्थानीय प्रशासन ऐन, २०२८ अनुसार सार्वजनिक जग्गामा अवैध निर्माण रोक्न प्रशासनलाई अधिकार रहेको जनाइएको छ। सरोकारवाला सबै निकाय तथा सर्वसाधारणलाई सार्वजनिक सम्पत्तिको संरक्षणमा सहयोग गर्न र गैरकानुनी गतिविधिमा संलग्न नहुन जिल्ला प्रशासन कार्यालयले आग्रह समेत गरेको छ।

# मधेशीको अधिकार खोस्नु गलत : सभापति थापा

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले सीमामा एक सय रुपैयाभन्दा बढीको सामानमा लगाएको भन्सार कर बारे नेपाली काँग्रेसका सभापति गगन थापाले मुख खोलेका छन्।

पार्टीको 'जरा अभियान' का लागि सर्लाही धनकौल पुगेको सभापति थापाले भने 'सीमामा एकसय रुपैयाभन्दा बढीको सामान भारतबाट ल्याउनेमा भन्सार कर लगाएर वर्तमान सरकारले मधेसका जनताको सुविधा र अधिकार खोस्ने प्रयास गरेको छ।'

फागुन २१ को निर्वाचनपछि पहिलो पटक आफ्नो निर्वाचन क्षेत्रमा बुधवार पार्टीका सक्रिय सदस्ता सम्बन्धी जरा अभियानका लागि पुगेका हुन्। सभापति थापाले आयोजित काँग्रेसको कार्यक्रममा बोल्दै मधेसका जनताको सुविधा नखोस्न आग्रह गर्दै तत्काल सरकार नसच्चिए गम्भीर परिणाम हुने चेतावनी समेत दिए।



सभापति थापाले भने, ' प्रधानमन्त्रीजी जनकपुरधाममा आउँदा यहाँका मानिसहरू अधिकार माग्न काठमाडौँ जानु पर्दैन भनेको थियो। म उहाँलाई काठमाडौँ जानु नपर्ने धेरै परको कुरा हो। तर वर्षौंदेखि यहाँका नागरिकहरूले व्यावहारिक रूपमा पारी गएर सामान किनमेल गर्दै गर्दा आएको सुविधा जुन प्राप्त भएको छ, तपाईंको सरकारले त्यो सुविधा खोसेको छ। कृपया त्यो सुविधा सुचारु गरिदिनुहोस्।'

भारतीय सीमावर्ती बजारबाट एकसय रुपैयाभन्दा बढीको सामान ल्याउनुपर्नेमा लगाएको भन्सार करले सदियौंदेखि यहाँका मधेशी जनताको भारतसँग रहेको बेटीर ोटीको सम्बन्धमा गम्भीर असर पर्नेछ। सीमावर्ती नागरिकलाई यहाँबाट भारत र भारतबाट यहाँ आउन कहिले पनि राजनीतिक, व्यापारिक र सामाजिक रुपमा बन्देज लगाइएको छैन।

यसअघि उनले सीमावर्ती क्षेत्रस्थित गोडैता नगरपालिका-१२, मधुवनी नाकाको निरीक्षण समेत गरेका थिए। सभापति थापा काठमाडौँ फर्किएपछि बिहीबार मधुवनी नाकाको फोटो शेयर गर्दै अव्यवहारिक निर्णय तत्काल फिर्ता लिन आग्रह गरेका छन्।

उनले सीमामा पहिलेजस्तो सहजता थियो, त्यसलाई सुनिश्चित गर्न माग सरकारसँग गरेको छ। थापाले फेसबुकमा लेखेको छ, "सीमा क्षेत्रहरू राष्ट्रका किनारा मात्र होइनन्, ती अर्थतन्त्र, संस्कृति र विश्वासका जीवित संगम हुन्। जब नीतिले यो सवंदेशनशीलता बिर्सन्छ, त्यसले देशका सीमामा उभिएर देश सम्हाल्ने नागरिकलाई नै सजाय दिन्छ।"

कांग्रेस सभापति थापाले १०० रुपियाँभन्दा बढीका समानमा भन्सार लगाउने कानुन नै अव्यवहारिक रहेको उल्लेख गर्दै नीति सीमाका नागरिकका लागि हेपाहा र दुःख दिने नीति भएकाले यो तत्काल सच्च्योस भनेका छ्न।

वर्तमान सरकारले सीमाको विषयमा अपनाएको नीतिले सीमा क्षेत्रका नागरिकको दैनिकी कति कष्टकर बनाएको छ भन्ने कुरा भुक्तभोगीलाई मात्र थाहा रहेको कांग्रेस सभापति थापाले भनेका छन्। उनले सीमाको सम्बन्धमा पछिल्लो निर्णयले मधेशका हरेक भान्सामा अवरोध खडा गरेको र यसको मार महिला, विद्यार्थी, किसान तथा श्रमिक वर्गमाथि पर्न गएकाले निर्णय फिर्ता लिन सरकारसँग आग्रह गरेको छ।

पेट्रोलियम पदार्थको महँगी बढाएर जनताको भान्सामा बिजोक भएको उनले बताए। सभापति थापाले थप्दै भने, 'यो भन्दा अगाडिको सरकारले पनि लगाएको थियो। काँग्रेस सरकार हुँदा पनि। तर, यी विषय यो भन्दा अगाडि पनि गलतलाई गलत भन्दै आएको हो। म सम्झन्छु, अहिले पनि म भन्छु, त्यो गलत छ।'

उनले थप्दै भने यहाँबाट म सांसदमा हारेको छु। तर तपाईहरुको जीतका लागि सधैं साथ रहनेछु। सभापति थापाले सरकारविरुद्ध मधेशी जनताले चाल्ने हरेक कदमा साथ दिने संकेत गरे। उनले चुनावी प्रतिबद्धता अनुसार सर्लाही ४ को शिक्षा, स्वास्थ्य, कृषि, सिंचाई लगायत क्षेत्रमा सुधारका लागि आफ्नो टिमले काम गरिरहेको बताए।

मधेशका धेरै नागरिकको भारतको सीमावर्ती क्षेत्रमा र भारतीय नागरिकको यहाँ मधेशमा विहेवारीदेखि पारिवारिक सम्बन्ध रहेको छ। आफ्नो नातेदारसँग भेट्न आउंदा वा त्यहाँबाट कुनै उपहार लिएर आउंदा त्यसमा भन्सार कर लगाउनु कतिको उचित हो भन्ने आलोचना हुँदै आएको छ।

यो भन्दा गम्भीर समस्या देशकै सीमा रक्षकको रुपमा रहेका यहाँका गरीब र सामान्य वर्गका मधेशी जनता सस्तोमा दैनिक उपभोग्य सामान सस्तोमा पाइन्छ भनेर किनेर भारतीय सीमावर्ती बजारबाट ल्याई आफ्नो जिविकोपार्जन गरिरहेको अवस्थामा त्यसमा बन्देज लगाउनु उचित होइन यसले आउने दिन गम्भीर परिणाम ल्याउने राजनीतिक विश्लेषकहरुको भनाई छ।

यदि सरकार सक्छ भने यहाँका नागरिकलाई भारतमा सामान किन्न जानु नपर्ने वातावरण निर्माण गर्न भारतमा पाइने दररेट सामान यहाँ पनि पाउनुपर्ने व्यवस्था मिलाओस, यसरी नागरिकलाई दुख दिने कार्य तत्काल बन्द गर्न उनीहरुको आग्रह छ।

# 'नैतिक शिक्षा आधारभूत आवश्यक'

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्रलाभ कर्णले सुशासन र समृद्धिका लागि नैतिक शिक्षा आधारभूत सर्त रहेको आवश्यकता रहेको टिप्पणी गरेका छन्।

जनकपुरधाममा बिहीबार मधेशी आयोगले आयोजना गरेको 'नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा' कार्यक्रमअन्तर्गत ' प्रशासनिक आचरण, उत्तरदायित्व र सुशासित-समृद्ध मधेश निर्माणमा सरोकारवालाहरूको भूमिका' विषयक अन्तर्क्रियामा प्रदेश प्रमुख डा. कर्णले समाजमा नैतिकता अति नै आवश्यकता भएकाले शैक्षिक रुपमा समेत यसलाई समावेश गर्नुपर्नेमा जोड दिए।

समाजमा नैतिक मूल्यमान्यता कमजोर बन्दै जाँदा प्रशासनिक अनुशासन र पारदर्शितामा चुनौती देखिएकाले यसलाई सुधार गर्न शिक्षादेखि नै नैतिकता अभिवृद्धि गर्नुपर्ने उनको भनाइ छ।

त्यस्तै प्रदेश सांसद शारदा पहाडीले नीति र व्यवहारबीचको दूरी घटाउन आवश्यक रहेको बताइन्। प्रदेश सांसद पहाडीले नैतिक शिक्षालाई जीवनपद्धतिसँग जोड्न सके मात्र समाजमा सकारात्मक परिवर्तन हुनेमा विश्वास व्यक्त गरिन्।

मधेशी आयोगका सदस्य आभा सेतू सिंहको अध्यक्षतामा भएको यस कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले स्थानीय तहदेखि नै सुशासनको अभ्यास थालनी गर्नुपर्ने बताए।

# लालपुर्जाको माग गर्दै प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामका विभिन्न मठ-मन्दिर तथा गुठीका जग्गामा बनाइएका घरटहरा हटाउने सरकारले गरेको तयारीविरुद्ध सम्बन्धित स्थानीयवासी विरोध प्रदर्शन गरेका छन्।

'गुठी, कुटी घर जग्गा व्यवस्थापन संघर्ष समिति' को आह्वानमा बिहीबार पीडित पक्षले जनकपुरधाममा प्रदर्शन गर्दै प्रमुख जिल्ला अधिकारीमार्फत सरकारको ध्यानाकर्षण गराएका छन्। संघीय सरकारको निर्देशनमा मधेस प्रदेश सरकारले निर्णय गरेको भन्दै सञ्चारमाध्यममा सार्वजनिक भएका सूचनाप्रति असन्तुष्टिसहित जिल्ला प्रशासन कार्यालय, धनुषामा ज्ञापनपत्र बुझाएको छ।

विगत लामो समयदेखि गुठी र कुटीको जग्गामा बसोवास गर्दै आएका हजारौं परिवारलाई विस्थापित गर्ने उद्देश्यले यस्तो कदम चाल्न लागिएको भन्दै उनीहरूले आपत्ति प्रकट गरेका छन्।

ज्ञापनपत्रमा उल्लेख गरिएअनुसार विसं २०६८ सालमै जिल्ला प्रशासन कार्यालय, गुठी संस्थान, नापी र मालपोत कार्यालयको संयुक्त टोलीले स्थलगत निरीक्षण गरी घर-जग्गाको नाप-नक्शा र प्रमाणीकरण गरिसकेको थियो। गुठीको जग्गालाई उचित मूल्य निर्धारण गरी 'रैकर' (निजी) सरह बनाउने प्रक्रिया अगाडि बढिरहेका बेला एक्कासी घरटहरा भत्काउने आशयको सूचना सार्वजनिक हुनु अनपेक्षित रहेको संघर्ष समितिले ठहर गरेको छ।

समितिले गुठी संस्थान ऐन, २०३३ को दफा २५ लाई उद्धृत गर्दै २०४६ साल चैत २६ गतेअघि नै निर्माण भइसकेका घरहरू 'रैतान नम्बरी' मा परिणत हुनुपर्ने कानुनी व्यवस्था रहेको स्मरण समेत ज्ञापनपत्र मार्फत गराइएको छ। दशकौंदेखि बसोबास गरिरहेका स्थानीयलाई विस्थापित गर्दा गम्भीर मानवीय र आर्थिक संकट निम्तिने चेतावनी समेत दिइएको छ।



संघर्ष समितिले सरकारलाई आफ्नो निर्णयमाथि पुनर्विचार गर्न र पुस्तौंदेखि भोगचलन गर्दै आएका स्थानीयको उठिबास नलगाउन भन्दै प्रक्रिया पुऱ्याएर लालपुर्जा उपलब्ध गराउन माग गरेको छ। माग पूरा नभए थप सशक्त आन्दोलन गर्ने चेतावनी समेत उनीहरूले दिएका छन्।

उनीहरू जनकपुरधाम उपमहानगरपालिकाको कार्यालय, मालपोत कार्यालय र जिल्ला प्रशासन कार्यालय अगाडि नाराबाजी समेत गरेका छन्। उनीहरूले 'लालपुर्जा दे सरकार', 'घर भत्काउन पाइँदैन', 'डोजर आतंक बन्द गर' लगायतका नारा लगाउँदै प्रदर्शन गरेका छन्।

प्रदर्शनमा सहभागी सुकुम्बासी सीतादेवी मुखियाले भनिन् '२० वर्ष पहिला वडाले जग्गा उपलब्ध गराएपछि घर निर्माण गरेर बसिरहेकोमा २ हप्ताअघि वडा कार्यालयले जग्गा खाली गर्न सूचना टाँसेपछि आफूहरूको विचल्ली परेको छु।' उनले २० वर्षमा थोरथोरै पैसा जम्मा गरेर बनाएको घरमा अब सरकारले डोजर चलाउने भनेदेखि आफूहरू कहाँ जाने, छोराछोरीलाई कसरी पाल्ने पीडा सुनाइन।

रास्वपा नेतृत्वको सरकारले देशभरका सार्वजनिक र गुठीको अतिक्रमित जग्गा खाली गराइरहेको छ। यसअघि सरकारले काठमाण्डु, वीरगञ्ज लगायतका स्थानमा अतिक्रमित जग्गा खाली गराएको छ भने अब जनकपुरधाममा पनि जग्गा खाली गराउन लागिएको छ।

**कडा आन्दोलनको चेतावनी**

यसैबीच अखिल नेपाल सुकुमवासी संघले वैकल्पिक व्यवस्था नगरी सुकुम्बासी बस्तीहरूमा डोजर चलाएर उठिबास गराएको भन्दै सरकारविरुद्ध चरणबद्ध आन्दोलनको घोषणा गरेका छन्।

बिहीबार काठमाडौंमा एक पत्रकार सम्मेलन आयोजना गरी संघले विभिन्न स्थानका सुकुम्बासी बस्तीहरूमा डोजर प्रयोग गरी जबरजस्ती हटाउने कार्य भइरहेको आरोप लगाउँदै तत्काल यस्तो गतिविधि रोक्न सरकारसँग माग गरेका छन्।

संघले पहिलो चरणमा भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबासीसँग गरिएका सरकारी प्रतिबद्धता कार्यान्वयन गर्न दबाब दिने र जबरजस्ती उठिबास रोक्न सम्बन्धित निकायलाई आग्रह गर्ने जनाएको छ।

त्यस्तै, दोस्रो चरणअन्तर्गत मेची महाकाली राजमार्गमा चक्काजाम, सरकारविरुद्ध देशव्यापी हस्ताक्षर संकलन अभियान सञ्चालन गर्ने योजना संघले सार्वजनिक गरेको छ। संघका अध्यक्ष अमर परियारले राज्यकै पहलमा नागरिकलाई जबरजस्ती उठिबास गरिनु निन्दनीय भएको बताउँदै शान्तिपूर्ण आन्दोलनबाट माग सम्बोधन नभए थप कडा कार्यक्रम ल्याइने चेतावनी दिए। संघले अन्तिम विकल्पका रूपमा देशव्यापी अनिश्चितकालीन आमहड् तालसहित सशक्त आन्दोलनमा उत्रिने चेतावनी पनि दिएको जनाइएको छ।

# सरकारको विज्ञापन नीतिमा आङ्देम्बेको आपति

**टुडे समाचारदाता**



जनकपुरधाम । निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापननदिनेसरकारकोनिर्णयप्रति प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले कडा आपत्ति जनाएका छन्।

बिहीबार नेपाल पत्रकार महासंघको टोलीसँगको भेटमा आङ्देम्बेले उनले उक्त निर्णयलाई लोकतन्त्रको मूल्यमान्यता र प्रेस स्वतन्त्रतामाथिको गम्भीर प्रहार रहेको भन्दै सरकारको यस्तो कदमले निजी सञ्चारमाध्यमको आर्थिक आधार कमजोर बनाउने र स्वतन्त्र पत्रकारितामा असर पर्ने चेतावनी दिए।

'सरकारले नाडी छाम्ने प्रयास गर्न सक्छ। तर, लोकतन्त्रको मर्ममाथि नाडी छाम्ने सोच गलत हो,' उनले भने।

उनका अनुसार सरकारी विज्ञापनलाई सीमित गरेर सरकार नियन्त्रित सञ्चारमाध्यममा मात्र केन्द्रित गर्नु प्रेस स्वतन्त्रताको सिद्धान्तविपरीत हो। यस विषयलाई नेपाली कांग्रेसले गम्भीरतापूर्वक लिएको उल्लेख गर्दै उनले संसद् तथा संसदीय समितिहरूमा सशक्त रूपमा उठाइने बताए।

यता, सरकारको उक्त निर्णयविरुद्ध नेपाल पत्रकार महासंघ पनि आन्दोलनमा उत्रिएको छ। महासंघ अध्यक्ष निर्मला शर्मा, महासचिव रामप्रसाद दाहाललगायतको टोलीले आङ्देम्बेलाई भेटेर निर्णय खारेज गर्न दबाव दिन ध्यानाकर्षण गराएको थियो।

यसैबीच, आङ्देम्बेले सरकारले संसद् बैठक बोलाएर स्थगित गर्ने र त्यसपछि अध्यादेश ल्याउने क्रमप्रति पनि असन्तुष्टि जनाएका छन्। उनले यसलाई 'अध्यादेशको बाढी ल्याउने प्रयास' भन्दै लोकतान्त्रिक प्रक्रियामाथि प्रश्न उठाएका छन्। बजेटमाथि छलफल गर्नुपर्ने संवेदनशील समयमा कुनै आकस्मिक अवस्था नहुँदा पनि सरकारले अध्यादेशमार्फत काम अघि बढाउनु उचित नरहेको भने।

# शव सनाखतका लागि प्रहरीको आग्रह

**टुडे समाचारदाता**

जलेश्वर। जिल्ला प्रहरी कार्यालय महोत्तरीले सवारी दुर्घटनामा मृत्यु भएका एक महिलाको सनाखतको लागि आग्रह गरेको छ।

जलेश्वर नगरपालिका वडानं.१ मा बुधबार साँझ मोटरसाइकलको ठक्करबाट मृत्यु भएको महिलाको पहिचान हुन नसकेकोले पहिचानको लागि तस्बिर सार्वजनिक गर्दै जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टलेसबैमा आग्रह गरेका छन्।

प्रवक्ता भट्टले बर्दिबास जलेश्वर सडक खण्डमा बजराहीतर्फबाट जलेश्वर तर्फ तिव्र गतिमा आँउदै गरेको ज १२ प ५५५ नम्बरको पल्सर मोटरसाइकलले तत्काल नाम थर वतन नखुलेको पैदल यात्री आ।बर्ष ५०/५५ को जस्तो देखिने महिलालाई ठक्कर दिई गम्भीर घाईते बनाएकोमा उहाँलाई तत्कालै उपचारको लागि प्रादेशिक अस्पताल जलेश्वर लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको जनाएको छ।

# खाली चेकबाट ९१ लाख असुल्न खोज्ने पक्राउ

**टुडे समाचारदाता**

रौतहट। दुई लाख ७० हजार रुपैयाको सानो ऋण रकमबाट ९१ लाख रुपैयाँ असुल्ने प्रयास गरेको आरोपमा रौतहट प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सर्लाहीको पर्सा गाउँपालिका-२ का ३५ वर्षीय विपेन्द्र कुमार साह र जनकपुर उपमहानगरपालिका-२१ का दिनेश साह सोनार रहेका छन्।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी विष्णु प्रदीप बस्यालका अनुसार, गढीमाई नगरपालिका-९ का तारकेश्वर सहनीले करिब एक वर्षअघि घरायसी आवश्यकताका लागि विपेन्द्र कुमार साहसँग २ लाख ७० हजार रुपैयाँ ऋण लिएका थिए। ऋणको सुरक्षाका लागि सहनीले लुम्बिनी विकास बैंकको खाली चेकमा हस्ताक्षर गरेर साहुलाई दिएका थिए।



पीडित सहनीले विभिन्न मितिमा गरी कुल २ लाख ४० हजार रुपैयाँ फिर्ता गरिसकेका थिए। बाँकी रकम किस्ताबन्दीमा तिर्ने सहमति भएपछि उनले आफ्नो चेक फिर्ता माग्दा घटनाले अप्रत्याशित कुरा बाहिर आयो। साहु विपेन्द्र कुमार साहले उल्टै ९१ लाख रुपैयाँ बाँकी रहेको दाबी गर्दै चेक बाउन्स मुद्दामा फसाउने धम्की दिन थालेको पीडा सुनाए।

धम्कीका कारण पीडित सहनी ठुलो मानसिक दबाबमा परेका थिए। अन्ततः न्यायका लागि उनले प्रहरीमा उजुरी दिए। पीडितको उजुरीपछि प्रहरीले गरेको अनुसन्धानबाट विपेन्द्र कुमार साह र उनको सहयोगी दिनेश साह सोनारबीच मिलेमतो रहेको पाइएको छ। उनीहरूले हस्ताक्षर मात्र भएको खाली चेकमा अनधिकृत रूपमा ९१ लाख रुपैयाँ भरेर चेक बाउन्स गराएको र सो प्रक्रिया अघि बढाइसकेको पनि खुलेको छ।

प्रहरीले बुधवार दुवै जनालाई नियन्त्रणमा लिएको छ। उनीहरूविरुद्ध ठगी तथा आपराधिक विश्वासघात सम्बन्धी मुद्दा दर्ता गरी अदालतबाट तीन दिनको म्याद थप गरिएको छ। थप अनुसन्धान भइरहेको डिएसपी बस्यालले बताए।

प्रहरीका अनुसार, मधेस प्रदेशमा ऋण लेनदेनका क्रममा साँवाको तीन-चार गुणा रकम उल्लेख गरी तमसुक वा चेक लिने चलन रहे पनि खाली चेक दुरुपयोग गरेर यति ठुलो रकम असुल्ने प्रयास भने अत्यन्तै कम देखिने गरेको छ।

# सरकार आफ्नै निर्णयबाट पछि हटे

**टुडे समाचारदाता**

वीरगञ्ज। आयातित सामानमा अनिवार्य रूपमा अधिकतम खुद्रा मूल्य (एमआरपी) उल्लेख गर्नुपर्ने सरकारले आफ्नो नयाँ नीतिबाट पछि हटेको छ।

ती नयाँ नीतिले सामान आयातमा ठूलो समस्या सिर्जना गर्दा अड्चनलाई सम्बोधन गर्दै सरकारले आफ्नो निर्णयमा तत्काल संशोधन गरेको छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गत चैत ३० गते सूचना जारी गरी वैशाख १५ गतेदेखि सबै आयातित वस्तुमा एमआरपी लेबल अनिवार्य गर्ने घोषणा गरेको थियो। तर व्यापारी तथा उद्योगीहरूले तत्कालै विरोध जनाउँदै भन्सार जाँचपासमा अवरोध सिर्जना गरेका थिए।




फलस्वरूप वीरगञ्जलगायत देशभरका भन्सार कार्यालयमा सामान जाँचपास रोकिँदा राजस्व सङ्कलनमा ठूलो प्रभाव परेको थियो। व्यवसायीहरूको दबाबपछि सरकारले तत्काल नयाँ व्यवस्था लागू गरेको छ। नयाँ व्यवस्था अनुसार पैठारीकर्ताले भन्सार बिन्दुमा पुगेका वस्तुको एमआरपी कति हुने हो सोको विवरण आफैँले स्वघोषणा गर्न सक्नेछन्।

यसैगरी, सामान पैठारी भइसकेपछि बिक्री वितरण गर्नुअघि मात्र लेबल लगाएर पठाउने भनी लिखित प्रतिबद्धता जनाएर पनि मालवस्तुको जाँचपास गर्न सकिने सुविधा सरकारले उपलब्ध गराएको छ।

भन्सार विभागले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखेको पत्रमा औद्योगिक कच्चा पदार्थ, मेसिनरी, औजार तथा फलफूल-तरकारीजस्ता छिटो सड्ने वस्तुहरूको जाँचपासमा सबैभन्दा ठूलो समस्या देखिएको उल्लेख गरेको छ। वैशाख १५ देखि नै अधिकांश आयातित सामान भन्सारमा अल्झिएका थिए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८